सच्चा र स्वतन्त्र प्रेसको जगेर्ना गरौं । जि.प्र.का.प.द.नं २५०/०६७/०६८, जि.हु.का.द.नं. १७७-२०७६/०७७

# त्रिनेत्र पोष्ट

त्रि-नेत्र पोष्ट साप्ताहिक
Treenetra post weekly
साप्ताहिक

वर्ष १४, अंक ०३, २०८१ साउन २१ गते सोमबार 05 August- 2024 पृष्ठः- ६, मूल्यः- १०/-




समाचार पृष्ठ तेश्रो पेजमा।

## गण्डक नहरको पानी त्यसै खेरजाँदै किसानले धान रोपाई गर्नेबेलामा आकाशेपानीको निर्भर हुनुपर्ने बाध्यता

वीरगंञ्ज पर्सा/गण्डकनहरको पानी त्यसै खेरजाँदै किसानले धानरोपाई गर्नेबेलामा आकाशेपानीको निर्भर हुनुपर्ने बाध्यता स्थानियहरुले बताएका छन ।

यस बर्ष मनसुन बेलैमा सक्रिय भएपछि प्रयाप्तमात्रामा पानीपरेपछि किसानहरुले बेलैमा धान रोपाई गर्न पाएको हो । नत्र अरुबेला खडेरीका कारण धानको वियार्ड खेतमै सुकेपछि किसानहरु रोपाई गर्नेबेलामा समस्या निम्तिने गरेको बहुअरी निवासी अब्दुल सतारले बताएका छन । उहाँको भनाई अनुसार वीरगंजमा तीनचारवटा सिचाई व्यबस्था कार्यालय छन । तर कर्मचारीहरु तलब भत्ता खाएर समय विताउँछन किसानहरुले बालीनाली लगाउने बेलामा जहिले पनि समस्या निम्तीने गरेको सतारले बताए । हुनपनि वीरगंञ्जमा तीन तीन वटा सिचाई व्यबस्था कार्यालय भएतापनि रोपाईको सिजनमा किसानहरु आकाशे पानीको मुखताक्नुपर्ने बाध्यता भएकै कारण कतिपय किसानहरुले खेतीयोग्य जमिन प्लटिङ गरेर दलालहरुको हातमा जिम्मा समेत लगाउने गरेका छन । बारा,पर्सा रौतहट,धानखेती पकड क्षेत्र



भएतापनि समयमै मलखाद्य तथा विउविजन नपाउने समस्या एकातिर छन भने अर्कोतिर गण्डक नहरको पानी त्यसैखेर गएतापनि किसानहरुले उपयोग गर्न नपाउँदा भनेजस्तो बालीनाली नसप्रिने गरेको स्थानियहरुको दुखेसो छ ।

यता मुलुकमा तिनतहको सरकार छ । तर तीनैतहको सरकारले भाषाण गर्नेबेलामा किसानलाई प्राथमिकतामा राख्ने भनेतापनि हात्तिले देखाउने दाँत र चपाउने दाँत झैभएको छ । वीरगंञ्जको बहुरीमा मात्रै किसानहरुको समस्या होईन अधिराज्यभरि किसानहरुको समस्या भएपछि जनताहरु कहिलेकाही आक्रोशित हुने गरेका छन । पानीको महसुल सुल्क चर्कोगरि लिने तर रोपाई गर्नेबेलामा गण्डक नहरबाट पानी नाउने कारण बहुअरी निवासीहरु कहिले काही कार्यालय घेराउ गर्न पुगेका हुन्छन ।

## महानगरले उद्योग परिसरमै ट्याक्ट्रको फोहर थुपारी दिएपछि उद्योग संचालकको होस हवास उड्यो

वीरगज पर्सा/महानगरले उद्योगपरिसरमै ट्याक्ट्रको फोहर थुपारीदिएपछि उद्योग संचालकहरुको होसहवास उडेका छन । पटक पटक सिर्सिया नदिमा उद्योगबाट निस्केको फोहोर मिसावट नगर्न चेतावनी




दिएतापनि त्यसलाई लत्याएर विभिन्न उद्योगहरुले अटेर गरेपछि माहानगरले चेतावनी स्वरुप ट्क्याट्रको फोहोर उद्योग परिसरमा थुपारी दिएको हो । विभिन्न उद्योगहरुलाई महानगरले जरीवाना तिराएको भएतापनि अहिले फेरि अटेर गरेपछि बाध्य भएर ट्याक्ट्रको फोहोर उद्योगको मुल अगाडि थुपारिदिएका छन । सिर्सिया नदिलाई हाराभारा सुन्दर र सफाबनाउने भने र महानगर देखि समाजिक अभिान्ता समेत लागि परेपनि उद्योग कलकारखानाको लेदो केमिकल युक्त फोहर नदिमा मिसावट भएपछि अहिले फेरि पहिलाकै जस्तै सिर्सिया नदि लेदो र फोहोर युक्तपानी बग्न थालेको स्थानियहरु बताउछन । सो नदि पहिला एकदमै सफा र सुन्दरमा परिणत भएतापनि फेरि लेदो पानी बग्न थालेपछि बाताबरण प्रदुषण हुनथालेको समाजिक अभियान्ताहरुको भनाई छ ।

## सरकारले अनिवार्य राष्ट्रिय परिचयपत्र लागु गरेपछि बृद्ध भत्ता लिने बृद्धबृद्धाहरुलाई सकस

वीरगंञ्ज पर्सा/सरकारले अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र लागु गरेपछि बृद्ध भत्तालिने बृद्धबृद्धाहरुलाई सकस हुनेभएका छन । किनभने छोरा बुहारी कामकाजले व्यस्त भएपछि बृद्धबृद्धाहरुलाई डोराएर जिल्ला प्रशासन कार्यालय सम्म लानुपर्ने बाध्यता भएपनि घरका सन्तानहरु फुर्सद नभएपछि उनीहरुको राष्ट्रिय परिचय पत्र बनाउने सपना अधुरै रहने स्वयम बृद्धबृद्धाहरुले बताएका छन ।

पछिल्लो समय बृद्धबृद्धाहरुको सरकारले बृद्धभत्ता बापत रकम अनियमिता तथा दुरुपयोग भएपछि अनिवार्य रुपमा राष्ट्रिय परियपत्र लागु गरिएको हो । पछिल्लो समय सरकारले अनि बार्य रुपमा राष्ट्रिय



परिचयपत्र बनाउन सबैलाई आह्वान गरेपछि अहिले घरबाट बाहिरी जागिर तथा व्याबसायगर्नेहरु धमाधम आफ्नो जन्मथलो फर्कन थालेका छन । यता बृद्धबृद्धाहरु जिल्ला प्रशासन कार्यालय धाउन नसक्ने र छोरा बुहारी आफ्नो कामकाजमा व्यस्त भएपछि बृद्धबृद्धाहरुको राष्ट्रिय परिचपत्र बनाउन समस्या निम्तीने गरेका छन । किनकी आजभोलि फुर्सदलियो कोहिपनि हुँदैन र बुढाबुढिहरुलाई जिल्ला प्रशासन कार्यालय लान समेत मुश्किल हुनेभएपछि सरकार ले बृद्धबृद्धाहरुका लागि बैकल्पिक बाटो अपनाए धेरै राम्रो हुने थियो बुद्धिजिविहरुले बताएका छन ।

## बजारमा म्यादगुज्रेको औषधी छ्यापछ्याप्ती भेटिन थाल्यो सम्बन्धित निकायभने मौन यस्तैचालामाला होभने मानिसहरुको ज्यानजोखिम




वीरगंञ्ज पर्सा/बजारमा म्यादगुज्रेको औषधी छ्यापछ्याप्ती भेटिन थालेपछि सर्वसा धरणहरु चिन्तीत देखिएका छन । पछिल्लो समय वीरगंजको विभिन्न औषधी पसल हरुमा म्यादगुज्रीएको औषधि भेटिएको हो ।

औषधी विभागले बेलाबेलामा अनुगमन गरेतापनि झारामात्र टार्न खोजेको स्थानियहरुले आरोप लगाएका छन । मानव स्वास्थाय संग खेलवाड गर्ने औषधी विक्रेतालाई कडाकारबाही गनुपर्ने मागराख्दै स्थानियहरु कहिलेकाही विरोधमा उत्रिने गरेका छन । विभागबाट स्वीकृत लिएको वा विभागबाट स्वीकृत नलिई वीरगंञ्जको गल्लिपिच्छे औषधी पसल संचालनमा आएपछि हिजोआज सम्बन्धित निकायपनि मौन बस्न थालेका छन । बेलैमा म्याद गुज्रेको औषधी विक्रीवितरणमा प्रतिबन्ध नलगाय यसले मानव स्वास्थ्यलाई ठुलो हानी पुर्याउने चिकित्सकहरुले बताएका छन । शिक्षितहरुले कुन समयमा औषधी को म्याद सक्किने भनेर ठम्याउन सकिएपनि अनपढ र अशिक्षितहरुलाई भने थाहै नहुने भएपछि म्यादगुज्रीएको औषधी सेवनगर्दा शरिलाई निक्कै हानीपुर्याउने बुद्धि जिविहरुले बताएका छन । सो सम्बन्धी सरोकारबालाहरु यस विषयमा निक्कै गम्भिर देखिनुपर्ने सर्वसाधरणहरुले सुझाएका हुन ।

## पर्सामा तीन वर्षयता घरेलु तथा साना उद्योग खोल्ने क्रम निरन्तर घट्यो

वीरगन्ज पर्सा । पर्सामा विगत तीन वर्षयता घरेलु तथा साना उद्योग खोल्ने क्रम निरन्तर घट्दै आइरहेको छ । आर्थिक मन्दी र लगानीमैत्री वातारण नहुँदा पछिल्लो तीन वर्षमा नयाँ उद्योग खोल्ने क्रम घटिरहेको देखिन्छ । गत आर्थिक वर्षमा आठ सय ९७ घरेलु तथा साना उद्योग नयाँ थपिएका छन् । जबकि आव २०७९,०८० मा भने यहाँ

बाँकी ५ पृष्ठमा




## बीमाको रकम लिन आफैं पसलमा आगो लगाए, पोल खुलेपछि पक्राउ

**पोखरा ।** १६ साउनको बिहानै पोखरा–६ लेकसाइडस्थित मुक्तिनाथ सपिङ सेन्टरमा आगलागी भयो । स्याङ्जाको आँधिखोला वडा नम्बर ४ का सुजन गहतराजले सञ्चालन गरेको सपिङ सेन्टरमा भएको आगोलागीबाट डेढ करोड रुपैयाँको क्षति भएको प्रहरीले निष्कर्ष निकाल्यो ।

गहतराजले ४ वर्षदेखि

बाँकी ५ पृष्ठमा

त्रिनेत्र पोष्ट साप्ताहिकको लागि

प्रकाशक
मुनेश कुमार लायो मगर

सम्पादक :
गणेश बहादुर ठकुरी

सह-सम्पादक
गोबिन्द महतो

कानूनी सल्लाहकार :
विशाल चौधरी

सम्पर्क :
९८४५४९५२४१
राधेमाई-१३, वीरगंज, पर्सा
Email- treenetrapost@gmail.com

## सम्पादकीय

### कहिनभाको जात्रा हाँडिगाउँमा

प्रचण्ड नेतृत्वको सरकार परास्त गरेर अहिले नेपाली काँग्रेस र एमाले गठबन्धमा नयाँ सरकार बनेको छ । यसैलाई भन्छ कहिनभाको जाँत्रा हाँडिगाउँ किनभने एमाले र काँग्रेसले प्रचण्डको नेतृत्वमा पाँच बर्ष सम्म स्थायि सरकार चल्न दिनेभनेर बाचा गरेको भएतापनि आधा कार्यकाल नबित्दै अनेक षडयन्त्र जालभ्रेल गरि प्रचण्डको नेतृत्व सरकारलाई परास्त गरेरै छाड्यो। प्रचण्ड नेतृत्वको सरकारले थालनी गरेका कामहरु लथालिङ्ग हुने भयो । किनकी पाँच बर्ष सम्म प्रचण्डकै नेतृत्वमा स्थायी सरकार हुनभनेर जनताहरुले समेत विश्वास गरेको थियो। तर दुर्भाग्य भईदियो अर्को स्थिर सरकार नभएकै कारण मुलुकमा दण्डहिनता मौलाएको कसैले नकार्न सकिदैन । आज जतातते अराजक पैदा भईरहेको छ। भ्रष्टचार हत्या हिंसा बलत्कार जस्ता जघन्य अपराध मौलाउँदै गईरहेको छ । विधिशासन अन्त्य भएको होकि भन्ने आम सर्वसाधरणलाई चिन्ताको विषय बनेको छ।

तरपनि ओलि नेतृत्वको सरकारले कतिको सुधारउन्मुख गरिन्छ यसलाई हेर्न बाँकी छ। जस्को नेतृत्वमा सरकार संचालन भएपनि मुलुकमा शान्ति अम नचयन भयो भने जुनसुकै राजनिती दलहरुको नेतृत्वमा सरकार संचालन भएपनि फरक पर्दैन। तर सरकारको नेतृत्व गर्ने जनताहरुको काममा ध्यान नदिने परिपाटि हाबी भएपछि अहिले जनताहरु निराश भएका छन । मुलुक विभिन्न कालखण्ड पारगर्दे आज याँहा सम्म आईपुग्दा उपलब्धी सुन्य देखिनु एकदमै दुर्भाग्यपूर्ण हो। अबपनि जनताहरुलाई खुसी दिलाउनेकी समस्यामा पार्ने ओली नेतृत्वको काँधमा जिम्मेबार थपिएको छ। यतिन्जेल जनताहरुले राजनितीक दलहरुको भ्रुठो आश्वसन सहेर बस्यो अबपनि जनताहरुलाई भ्रुठको खेतीगरेर फेरी भ्रममा पार्छ भने त्यसको मुल्य एकदिन अबश्य चुकाउनु पर्छ। हुनत यस्ता कुराले राजनिती दल र सरकारलाई फरक नपर्ला तरपनि निरंकुश राणासाशन र पंञ्चायती व्यबस्था जनताहरुले सदाको लागि अन्त्य गरिदिएको ईतिहाँस साचि छ। अब विगत दिनको कमीकमजोरी सदा अन्त्य गरि समृद्ध नेपाल सुखी नेपाली बनाउन जरुरी देखिन्छ।

# परराष्ट्र नीतिमा प्रचण्ड सरकार हिंडेको बाटो

प्रचण्डले सरकारको नेतृत्व गर्दैगर्दा छिमेक सहितको अन्तर्राष्ट्रिय शक्ति राष्ट्रसँग कस्तो सम्बन्ध राख्ला भन्ने सर्वत्र जिज्ञासा, केही आशंका र संशयहरू पनि देखिन्थे । अझ बढी, विश्व-राजनीतिमा देखिएको शक्तिराष्ट्र बीचको कटु प्रतिस्पर्धा र क्षेत्रीय शक्तिहरूका बीचमा देखिएको तिक्तताका बीच नेपाल कतै भूराजनीतिक चंगुलमा पर्छ कि भन्ने आशंका व्याप्त थियो ।

प्रचण्ड नेतृत्वको सरकारको १८ महिनाका अवधिमा छिमेक सहित अन्तर्राष्ट्रिय शक्तिराष्ट्रहरूसँगको सम्बन्ध तुलनात्मक रूपमा कम उतारचढावपूर्ण र बढी सन्तुलित रह्यो । सरकारको नेतृत्व सम्हाल्दै गर्दा, प्रचण्डले 'नेपालमुखी' परराष्ट्र नीतिको अवलम्बन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । त्यही अनुसार उनले आफ्नो तेस्रो कार्यकालमा छिमेक सहित सबै शक्तिराष्ट्रसँग असंलग्नता तथा पञ्चशीलको मान्यता अनुरूप स्वतन्त्र र सन्तुलित सम्बन्ध राख्नेदेखि महत्वपूर्ण अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको चासो, सरोकार र मुद्दालाई सशक्त र प्रभावकारी रूपमा उठाउन सफल भएका छन् । यसले आगामी दिनमा छिमेक सहित सबै शक्तिराष्ट्रहरूसँग अर्थ-राजनीतिक दृष्टिकोणमा आधारित रहेर सहकार्य अगाडि बढाउनका लागि विश्वासको वातावरण निर्माण भएको छ ।

***भूराजनीतिक प्रतिस्पर्धामा तटस्थता***

प्रचण्डले सरकारको नेतृत्व सम्हाल्दा शक्तिराष्ट्रहरू बीच भूराजनीतिक प्रतिस्पर्धा चुलिंदो थियो । यसबीचमा छिमेक सहित शक्तिराष्ट्रहरूबाट नेपालमा तारन्तार हाइप्रोफाइल भ्रमणहरू भए । ती भ्रमणहरूका उद्देश्य प्रकट वा अप्रकट रूपमा धेरै हदसम्म प्रष्ट थिए। विश्व राजनीतिमा भएको शक्ति सन्तुलनको फेरबदल र विकसित नयाँ राजनीतिक □ुवीकरणमा नेपाललाई आफ्नो पक्षमा पार्ने प्रयत्न छिपेको थिएन । कैयौं भूराजनीतिक द्वन्द्वका 'फ्ल्यास प्वाइन्ट'हरू हाम्रो बलेसीमा नै मञ्चन भइरहेका थिए । आफ्नो रणनीतिक र सामरिक स्वार्थका लागि प्रत्यक्ष-अप्रत्यक्ष प्रतिस्पर्धा गरिरहेका छिमेक सहित शक्तिराष्ट्रहरूसँगको कूटनीतिक सन्तुलन कायम गर्नु नेपालका लागि सबैभन्दा चुनौतीपूर्ण रह्यो ।

नेपालको परराष्ट्र नीति असंलग्नता र पञ्चशीलका सिद्धान्तको आधारशिलामा अडिएको छ। पछिल्लो समय संसद्ले अमिरिकी परियोजना एमसीसी स्वीकार गर्दै गर्दा व्याख्यात्मक टिप्पणी सहितको प्रतिबद्धताको जगमा पारित गऱ्यो । यसरी नेपालले विश्वराजनीतिमा देखिएको भूराजनीतिक प्रतिस्पर्धा र सामरिक द्वन्द्वमा आफूलाई निरपेक्ष राख्यो। र, यसबीचमा अर्थ-राजनीतिक दृष्टिकोणमा आधारित अन्तर्राष्ट्रिय सम्बन्धलाई महत्व दियो ।

***'छिमेक प्रथम' नीतिमा प्रधानता***

प्रचण्ड नेतृत्वको सरकारले प्रत्यक्ष सीमा जोडिएका भारत र चीनसँग सम्बन्धलाई उच्च महत्व दिएर प्राथमिकतामा राख्यो। फलतः सार्वभौम समानता र आपसी हितका आधारमा दुवै निकटतम छिमेकसँग हार्दिक, मित्रवत् र सौहार्दपूर्ण सम्बन्ध विकास गर्न प्रयत्नशील रह्यो ।

मित्रराष्ट्र भारत र चीनको भ्रमण र त्यस क्रममा भएका सम्झौताहरूको उत्साहजनक कार्यान्वयनले छिमेक प्रथम नीतिलाई थप बढावा दिएको छ । मित्रराष्ट्र भारतको भ्रमणाका क्रममा दीर्घकालीन विद्युत् व्यापार सम्झौता सहित ७ वटा सम्झौता तथा समझदारीपत्रमा हस्ताक्षर र त्यसको कार्यान्वयनमा भएको उत्साहजनक प्रगतिले नेपाल-भारत सम्बन्धमा नयाँ गति पैदा भएको छ ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले नेपालको चारदिने ऐतिहासिक भ्रमण गरे । उनको भ्रमणले नेपालको शान्ति प्रक्रिया, जलवायु परिवर्तन, विकासशील मुलुकको लक्ष्य हासिल गर्ने जस्ता मुद्दा र चासोलाई अन्तर्राष्ट्रियकरण गर्ने कार्यलाई सहयोग पुगेको छ

त्यसैगरी, मित्रराष्ट्र चीनको भ्रमणाका क्रम भएका १२ वटा समझदारी अनुसार उत्तरतर्फका १४ वटा नाकाहरूको पूर्ण सञ्चालनमा आए भने समझदारी अनुरूपका आर्थिक परियोजनाहरू अगाडि बढेका छन् । साथै, लामो समयदेखि छलफलमा रहेको बीआरआई फ्रेमवर्क अन्तर्गत आर्थिक परियोजनाहरू अगाडि बढाउने समझदारी भएको छ। यसका लागि तत्कालीन सरकारको मन्त्रिपरिषद् बैठकले बीआरआई कार्यान्वयन योजना सम्झौतामा हस्ताक्षर गर्न सैद्धान्तिक सहमति समेत प्रदान गरेको छ।

***ऊर्जा सहकार्य : 'सिग्नेचर इनिसिएटिभ'***

नेपालमा विद्युत् उत्पादन र व्यापारको अपार सम्भावनालाई सार्थकता दिन प्रचण्ड नेतृत्व सरकारले आफ्नो 'सिग्नेचर इनिसिएटिभ' का रूपमा नेपाल-भारत, नेपाल-चीन र नेपाल-बंगलादेश बीच ऊर्जा सहकार्यका लागि आवश्यक कानुनी एवं भौतिक पूर्वाधार निर्माणको कार्यलाई जोड दियो । कार्यकालको सुरुको भारत भ्रमणका क्रममा भएको समझदारी अनुसार नेपाल र भारतका बीचमा नेपालबाट आगामी १० वर्षमा १० हजार मेगावाट विद्युत् भारततर्फ निर्यात गर्ने ऐतिहासिक महत्वको दीर्घकालीन विद्युत् व्यापार सम्झौतामा हस्ताक्षर सम्पन्न भएको छ।

त्यस्तै, मित्रराष्ट्र चीनको भ्रमणका क्रममा पनि सीमापार विद्युत् ट्रान्समिसन लाइन निर्माण सम्बन्धी महत्वपूर्ण सम्झौतामा हस्ताक्षर भयो र हाल त्यस सम्बन्धी थप काम अगाडि बढिसकेको छ । त्यसैगरी, अर्को छिमेकी, बंगालदेशसँग विद्युत् व्यापार सम्बन्धी महत्वपूर्ण सम्झौता भएसँगै नेपालबाट बंगलादेशमा विद्युत् निर्यात हुने प्रक्रिया चाँडै सुरु हुँदैछ। हाललाई ४० मेगावाट र निकट भविष्यमा ५०० मेगावाटसम्मको विद्युत् निर्यातको लागि भारत आफ्नो भौतिक पूर्वाधार - पावर ग्रिड) प्रयोग गर्न दिन तयार भएको छ।

नेपाल, भारत र बाङ्लादेशबीच त्रिपक्षीय विद्युत् आदान-प्रदानको यस्तो सहमति नेपालको विद्युत् व्यापारका लागि कोसेढुङ्गा बनेको छ। यसलाई तत्कालीन सरकारको सफलताका रूपमा मात्र हेर्नुहुँदैन, विद्युत् व्यापारबाट नेपालको आर्थिक विकास र समृद्धिको यात्रामा महत्वपूर्ण योगदान पुग्ने कार्यको थालनी भएको रूपमा बुझ्नुपर्छ।

केही समय अगाडिसम्म पनि नेपालको प्रत्यक्ष सिमाना नजोडिएको बंगलादेशसँग ऊर्जा सहकार्यको कल्पना समेत गर्न सकिंदैनथ्यो । तर सुझबुझपूर्ण कूटनीतिका आधारमा भारतलाई समेत विश्वासमा लिएर क्षेत्रीय सहकार्यको ढोका खोल्न सक्नु आफैंमा नवीनतम पहलकदमी हो । यसले नेपालको ऊर्जा संक्रमणको प्रक्रिया र ऊर्जा व्यापारको क्षेत्रमा बहुआयामिक प्रभाव पार्नेछ। यसबाट विद्युत् ऊर्जाको आयात निर्यातका लागि कुनै अमूक मुलुकमाथिको निर्भरता समेत अन्त्य भएको छ र आगामी दिन नेपालबाट निर्यात हुने ऊर्जामा प्रतिस्पर्धात्मक मूल्य निर्धारणका लागि समेत यसले सहयोग पुग्नेछ।

***विश्व मञ्चहरूमा नेपालले दिएको सन्देश***

प्रचण्ड कार्यकालमा नेपालले महत्वपूर्ण अन्तर्राष्ट्रिय मञ्चहरूमा बलियो र सशक्त उपस्थिति जनायो । यसबीचमा प्रचण्डलाई प्रधानमन्त्रीको जिम्मेवारीमा नेपालको प्रतिनिधित्व गर्दै इटालीको रोममा भएको विश्व खाद्य सम्मेलन, संयुक्त राष्ट्रसंघको ६८औं महासभा, दुबईमा आयोजना भएको कोप २८, युगान्डामा भएको असंलग्न आन्दोलनका सदस्य राष्ट्रहरूको शिखर सम्मेलन -नाम) लगायतका महत्वपूर्ण बहुपक्षीय फोरमहरूलाई सम्बोधन गर्ने अवसर प्राप्त भएको थियो ।

परराष्ट्र नीतिमा देखिएको नीतिगत रिक्ततालाई अन्त्य गर्दै ग्रीन-पिसको नयाँ प्रस्तावका साथ छिमेक सहित विश्व शक्तिराष्ट्रसँग अन्तर्राष्ट्रिय सम्बन्धलाई थप मजबुत बनाउने विश्व दृष्टिकोण विश्वसामु लैजाने आधार तयार भएको छ

इटालीको रोममा भएको विश्व खाद्य सम्मेलनमा नेपालले खाद्य सुरक्षा र नेपाल जस्ता अल्पविकसित मुलुकहरूको समस्या र समाधान बारेमा प्रस्तुति केन्द्रित गऱ्यो। संयुक्त राष्ट्रसंघको ६८औं महासभामा नेपालले विश्व शान्ति र स्थायित्व कायम गर्नका लागि बहुपक्षीय कूटनीतिप्रति नेपालको पूर्ण प्रतिबद्धता व्यक्त गर्दै विश्व समुदायले भोगिरहेको चुनौतीलाई समाधानका लागि नेतृत्वदायी भूमिका खेल्न संयुक्त राष्ट्रसंघको समयानुकूल सुधार तथा सुदृढीकरण गर्नुपर्नेमा जोड दियो । 'नाम'को शिखर सम्मेलनमा नेपालको उच्चस्तरीय सहभागिताबाट नेपाल असंलग्न परराष्ट्र नीतिमा प्रतिबद्ध रहेको बलियो सन्देश प्रवाह भयो ।

गत साल अक्टोबरको अन्त्यतिर संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले नेपालको चारदिने ऐतिहासिक भ्रमण गरे । उनको भ्रमणले नेपालको शान्ति प्रक्रिया, जलवायु परिवर्तन, विकासशील मुलुकको लक्ष्य हासिल गर्ने जस्ता मुद्दा र चासोलाई अन्तर्राष्ट्रियकरण गर्ने कार्यलाई सहयोग पुगेको छ।

***जलवायु कूटनीतिको नयाँ मार्गदर्शन***

गएको डेढ एक वर्षमा नेपालले महत्वपूर्ण अन्तर्राष्ट्रिय मञ्चहरूमा बलियो उपस्थिति मात्र जनाएन, नेपालका मुद्दाहरूलाई सशक्त रूपमा उठाउँदै त्यसलाई विश्वमञ्चमा स्थापित समेत गर्न सफल भयो। संयुक्त अरब इमिरेट्सको दुबईमा आयोजना भएको जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको २८औं सम्मेलन कोप २८ को वर्ल्ड क्लाइमेट एक्सन समिटमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै तत्कालीन प्रधानमन्त्री प्रचण्डले २०८० मंसिर १३ देखि १७ गतेसम्म सहभागी भए। त्यहाँ उनले विभिन्न सत्रहरूलाई सम्बोधन गरे ।

उक्त सम्मेलनको अवसरमा नेपालले आयोजना गरेको 'हाइ-लेभल राउण्डटेबल अन कल अफ द माउन्टेन्स' को अध्यक्षता गर्दै प्रचण्डले जलवायु परिवर्तनबाट नेपाल जस्ता पर्वतीय मुलुकहरूले भोग्नुपरेका समस्यालाई अन्तर्राष्ट्रिय समुदायका सामु प्रस्तुत गरे। जलवायु परिवर्तनका असरहरू कम गर्न नेपालले चालेका कदमहरू र कोप २८ मा नेपालका प्रमुख एजेण्डा र प्राथमिकताहरू प्रस्तुत भयो ।

जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्न जलवायु वित्तलाई 'जलवायु न्याय'को रूपमा उपलब्ध गराउन विश्व समुदायको ध्यान आकृष्ट गर्दै नेपालले सशक्त दाबी प्रस्तुत गरेको थियो। उक्त उच्चस्तरीय सत्रमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस समेत सहभागी भए । उनले जलवायु परिवर्तनबाट नेपालको हिमाली क्षेत्रमा परेको दुष्प्रभाव र त्यसबाट नेपाल लगायत अन्य देशको समग्र विकास तथा मानव सभ्यतामाथि गम्भीर चुनौती आइपरेको प्रसङ्ग उठाए । साथै, विश्व समुदायको साझा पहलबाट समाधानको बाटो पहिल्याउनुपर्नेमा जोड दिए । यसबाट नेपालका जलवायु सम्बन्धी एजेण्डाहरू विश्वसामु मुखरित गराउन महत्वपूर्ण योगदान पुगेको छ ।

समग्रमा, जलवायु न्याय र अधिकारका पक्षमा नेपालले खेलेको नेतृत्वदायी भूमिकाका कारण नेपाल हिमाली क्षेत्रका देशहरूले जलवायु न्यायका लागि पैरवी गर्ने नेता देशका रूपमा स्थापित हुन पुगेको छ। हानि र नोक्सानी कोष स्थापना कोप २८ को एक महत्वपूर्ण उपलब्धि हो, जसको स्थापनामा नेपालको समेत भूमिका रहेको छ।

आगामी दिनमा अन्तर्राष्ट्रिय जलवायु सम्बन्धी स्थापित वित्तीय संयन्त्रहरूबाट देशभित्र पूँजीगत लाभ भित्र्याउनका लागि 'जलवायु कूटनीति'लाई थप प्रभावकारी रूपमा अगाडि बढाउन आवश्यक छ। जलवायु अनुकूलन र भविष्यमा निर्माण गर्ने जलवायु परिवर्तनमैत्री भौतिक संरचना निर्माणका लागि आवश्यक पर्ने अन्तर्राष्ट्रिय पूँजी परिचालनका लागि हाम्रो राष्ट्रिय क्षमता अभिवृद्धि, र त्यसमा पनि मुख्यतः विज्ञतामा आधारित रहेर मध्यस्थता गर्ने क्षमता वृद्धिमा नेपालले ध्यान दिनुपर्छ ।

***अर्थ-राजनीतिको विविधीकरण***

विश्व-राजनीतिमा जारी भूराजनीतिक द्वन्द्व, पोस्ट कोभिडपछि आर्थिक शिथिलताको स्थितिले विश्वका अधिकांश मुलुक मूलतः आफ्नै अर्थतन्त्र निर्माण र राष्ट्रिय सुरक्षामा केन्द्रित छन् । रसिया-युक्रेन युद्ध पश्चात् पश्चिमी मुलुकहरूको प्राथमिकता बदलिएको छ।

नेपालले अहिलेको नयाँ विश्व ध्रुवीकरणमा कुनै पनि पक्षमा आफूलाई उभ्याउन चाहेन, बरु सदैव असंलग्न र तटस्थ राख्दै आयो। कुनै पनि शक्तिराष्ट्रको रणनीतिक साझेदार हुन नचाहेका कारण पनि नेपालले आर्थिक विकास र समृद्धिका लागि आवश्यक पर्ने वैदेशिक पूँजी परिचालनमा अपेक्षाकृत सफलता हासिल हुन सकेन ।

प्रचण्ड नेतृत्वको सरकारले ब्रिक्समा नेपालको सहभागीबाट के कस्ता लाभ लिन सक्छ भनी अध्ययन सुरु गरेको सन्दर्भमा ब्रिक्समा औपचारिक रूपमा सहभागी हुनका लागि नेपालले प्रक्रिया अगाडि बढाउनुपर्छ

नयाँ ढंगबाट अन्तर्राष्ट्रिय आर्थिक सहकार्यलाई बढावा दिनका लागि नेपालमा ठूलो रणनीतिक स्वार्थ नभएका तर पूँजी र प्रविधिमा अब्बल

बाँकी ५ पृष्ठमा

## मनोरंजन समाचार

# "द च्यालेन्जर्स"को प्रिमियरमा प्रधानमन्त्री : "रियालिटी शोले नेपाल चिनाउन मद्दत पुर्‍याउँछ"

**काठमाडौं ।** अमेरिकाको न्युयोर्कपछि एड्भेन्चर रियालिटी शो 'द च्यालेन्जर्स : गेम अफ हिमालयज'लाई नेपाल प्रिमियर गरिएको छ । क्यूएफएक्सको लबिम हलमा आयोजित प्रिमियरमा प्रधानमन्त्री केपी शर्मा ओली, संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डे, अमेरिकी दूतावासका उपप्रमुख जेसन पी मिक्स अतिथिको रुपमा सहभागी थिए ।

पर्यटकलाई अर्कोपटक नेपाल आफैं आऊँ आऊँ लाग्ने ओलीले बताए । रियालिटी शोको माध्यमबाट हिमाल र प्राकृतिक सौन्दर्यबारे विश्वजगतलाई चिनाउन मद्दत पुग्ने उल्लेख गर्दै प्रधानमन्त्रीले नेपालको सुन्दर प्रकृति अवलोकन नगरिए जीवन सार्थक नहुने बताए ।

मन्त्री पाण्डेले नेपाल चिनाउने यस्ता डकुमेन्ट्रीमा सरकारले युवासँग सहकार्य गर्ने बताए । अमेरिकी गुरुङले यो शोको निर्माण तथा निर्देशन गरेका हुन् । नेपालसहित ६ मुलुकका ११ झ्लगरले १२ दिन बिताउँदै सम्पन्न गरेको पदयात्रा र साहसिक गतिविधि यसमा समेटिएको छ ।

गत महिना न्युयोर्कको टाइम्स स्क्वायरस्थित ऐतिहासिक एएमसी थिएटरमा यसको अमेरिका प्रिमियर गरिएको थियो । यो शोलाई काठमाडौंपछि मनिला र मुम्बईमा




शो हेरिसकेपछि प्रधानमन्त्री ओलीले नेपाली युवाले बनाएको यो शोले नेपालको पर्यटन प्रवर्द्धन हुने आशा व्यक्त गरे । नेपाली युवाले बनाएको यो शोको प्रशंसा गर्दै आगामी सात एपिसोड अझै रोचक हुने बताए ।

एकपटक नेपाल आएका कूटनीतिज्ञ मिक्सले लुक्लादेखि सगरमाथा आधार शिविरसम्म दुई साता लगाएर खिचिएको यो डकुमेन्ट्री बनाउन चुनौतीपूर्ण हुने बताए ।

नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग गर्दै हिमाली क्षेत्रमा जलवायु संकटले ल्याएको असरबारे चेतना जगाउने उद्देश्यले फिल्ममेकर श्री पनि प्रिमियर गर्ने तयारी छ । यो शोको माध्यमबाट नेपालको पर्यटन प्रवर्द्धन गर्ने मुख्य उद्देश्य रहेको निर्देशक गुरुङले बताए ।

नेपाल बाहेकका मुलुकका अमेजन प्राइमका सब्सक्राइबरले शो हेर्न सक्नेछन् । साभार अनलाइनखबर डटकम

# धार्मिक प्रवचन : अमृतमा विष मिसाए के हुन्छ ?

तीज नजिकिंदै छ । मलाई याद छ, तीजको समय छोरी–चेली लिन जाँदा भदौरे भेलमा धेरै बुबा, दाजुभाइले जोखिम मोल्थे । नौडाँडा पारि दिएकी छोरी लिन जाँदा थुप्रै खोला तरेर जानुपर्थ्यो, कतिबेला भदौरे भेल आउँथ्यो, पत्तै हुँदैनथ्यो । कतिको माइती लग्थ्यो, कतिको चेली ।

यो प्रसंग किन जोड्न खोजिएको हो भने तत्कालीन समयमा खोलामा पुल थिएनन् । विभिन्न कठिनाइका बाबजुद खोला तर्नुपर्ने बाध्यता थियो । विकल्प थिएन । तर अब समय बदलियो । खोलामा पुल बने । तर हामीले तत्कालीन समयमा खोला तरेर जाने प्रचलन थियो भन्दै पुलबाट नगई त्यही खोला तरेर जाने दुस्साहस गर्‍यौं भने के होला ?

सामाजिक सञ्जालमा यति बेला निकै चर्चा पाएको प्रसंगबाट अघि बढ्न चाहन्छु । विषय देवी प्रतिभाको प्रवचन । पशुपतिको कोटिहोममा उनको प्रवचनले राम्रै चर्चा पायो । त्योभन्दा बढी चर्चा उनको सुन्दरता र सुरक्षामा खटिएका बडीगार्डको भयो । योसँगै उनले सम्बन्धविच्छेदका विषयमा दिएको प्रवचनले पनि सामाजिक सञ्जाल निकै तात्यो । मलाई पनि उनका अरू विषयसँग खासै सरोकार रहेन । हजारौं भक्तजनको अघि सम्बन्धका बारेमा दिएका वाणीले भने सोचमग्न बनायो । उनले दिएको प्रवचनमा पुरुष प्रधानता र महिला निरीहताको बढावा थियो ।

जमुना वर्षा शर्मा

धेरैको बुझाइ थियो– धर्मको व्याख्यालाई बढाइँचढाइ गरेर बुझिनुहुँदैन । जे शास्त्रमा छ, त्यही भनिन् । महिलाको शत्रु महिला भन्ने भाष्य स्थापित गर्न खोजियो । धर्म र अध्यात्मले निःसन्देह सकारात्मक कुरा परिकल्पना गर्छ । पारिवारिक विखण्डनको कल्पना गरेको हुँदैन ।

धार्मिक प्रवचन एक शक्तिशाली उपकरण हो । यस्ता कार्यक्रमबाट विचारलाई प्रवाह गर्दै, समर्थन जुटाउन र प्रेरणा फैलाउन महत्वपूर्ण भूमिका खेल्दछ । बोली वा भाषणले व्यक्तिको विचार, धारणा र व्यवहारमा प्रभाव पार्ने क्षमता राख्छ । प्रभावशाली बोलीले मानिसहरूलाई प्रेरित गर्न र जागरूक बनाउन सक्छ । त्यसैले कहीं कतै एक रुपैयाँ दान नगर्नेहरू पनि यस्ता प्रवचन सुनेर करोड दान गर्न लालायित भएको हामी देख्छौं ।

उनले बोलेको कुरामा सत्यता होला । परिवार नबिग्रियोस् भन्ने भावना होला, तर त्यसो भनिरहँदा उनले त्यो पुरुषको ठाउँमा महिलालाई किन राखेर व्याख्या गरिनन् ? सम्बन्ध जोगाउने जिम्मा के महिलाको मात्र हो ? एउटा पुरुषसँग महिला एक, दुई चोटि कहीं कतै चिया पसलमा देखे मात्र चरित्रहीनको आरोप लगाएर परिवारबाट तिरस्कृत र बहिष्कृत हुनुपर्ने यो समाजमा पुरुषका हजार अवगुणलाई सहेर सम्बन्ध जोगाउनुपर्ने जिम्मा महिलाको मात्रै हो ?

एकथरीले देवी प्रतिभाको सौन्दर्यसँग उनको मिठो बोलीलाई मात्र प्राथमिकतामा राखेर बहस गरे भने अर्काथरीले उनले दिएको सन्देश र समाजमा त्यसले पार्ने दीर्घकालीन असरबारे पनि धारणा राखे । स्वाभाविक पनि हो । यो समाजमा एकथरीले आफूलाई शक्तिशाली ठान्दै अर्को वर्गलाई सधैं कमजोर र निरीह बनाउन उद्यत छ ।

यो बहस एउटा अवसर पनि हो । समाजमा लैंगिक समानता र सम्बन्धमा पारस्परिक जिम्मेवारीको महत्वका बारेमा छलफल गर्ने । परम्परागत दृष्टिकोणले महिलालाई संयमित, सहनशील र परिवारको केन्द्रबिन्दु मान्छ । यस्तो धारणाले महिलाको आत्मसम्मानमा नकारात्मक प्रभाव पार्न सक्छ । उनीहरूले सधैं सहनशील र सम्झौतामा रहनुपर्ने दबाब महसुस गर्न सक्छन् भने पुरुषहरूले आफूलाई सम्बन्धमा उच्च भूमिकामा भएको ठान्दछन् । जसले शक्ति–सन्तुलन बिग्रिन सक्छ ।

श्रीमान्का हजार अवगुण भए पनि सहनुपर्छ भन्ने भनाइले एक वर्ग सधैं भय र त्रासको जिन्दगीमा पुरुषलाई समर्पण गरेर निरीह जीवनको कल्पना गर्दछ । कुनै दिन श्रीमान्को हातबाट मृत्युवरण भयो भने स्वर्ग

बाँकी ४ पृष्ठमा


## स्वास्थ्य रहने उपाय

# कार्डियाक अरेस्ट कसरी मृत्युको कारण बन्न सक्छ ?

'फूर्तिलो व्यक्ति एक्कासि बेहोस भई अस्पताल पनि लैजान नपाई मृत्यु भयो', 'बाटोमा हिंड्दा हिंड्दै ढलेर मृत्यु भयो' वा 'सुतिरहेको अवस्थामा मृत्यु भयो ।'

यस्ता धेरै घटना सुन्नमा आइरहन्छन् । धेरैले यस्ता घटनाको कारण हृदयघातलाई मान्छन्, हृदयघात सबैले सुनेको शब्द हो । उपचार पनि गर्न नपाई केही समयमै मृत्यु हुने केस प्रायः कार्डियाक अरेस्टको कारण हुनसक्छ ।

कार्डियाक एरेस्टबारे अधिकांशमा ज्ञान छैन । कतिपयलाई भने कार्डियाक अरेस्ट र हृदयघात उस्तै हो भन्ने लाग्न सक्छ । तर पक्कै होइन । अधिकांशमा हृदयघात भएपछि बल्ल कार्डियाक अरेस्ट हुनसक्छ ।



***के हो त कार्डियाक अरेस्ट ?***

कार्डियाक अरेस्ट भनेको मुटुले काम गर्न छोडेर बन्द हुनु हो । कार्डियाकले 'मुटु' र 'अरेस्ट'ले बन्द हुने जनाउँछ । यो आपतकालीन अवस्था हो । यो अवस्थामा मुटुको काम गर्न छाडेपछि शरीरमा अक्सिजन पुग्न पाउँदैन र व्यक्ति बेहास वा अर्धचेत हुन्छ । यस्तोमा तत्काल उपचार नभए केही समयमै मृत्यु हुनसक्छ । त्यसकारण यसलाई 'सडन कार्डियाक अरेस्ट' पनि भनिन्छ । कार्डियाक एरेस्टको अवस्था आउने मुख्य कारक हृदयघात हुनसक्छ । हृदयघात हुने बित्तिकै मुटुको चाल बिग्रिन्छ । चाल बिग्रिएपछि मुटुले काम गर्न छाड्छ । जसकारण व्यक्तिको मृत्यु हुन्छ । मुटुको चाल बिग्रनुलाई चिकित्सकीय भाषामा भेन्ट्रिकुलर टाकाइकार्डिया -भीटी) र भेन्ट्रीकुलर फाइब्रेलिएसन -भीएफ) भनिन्छ ।

***अन्य कारण***

***मुटुको भल्बमा समस्या***

मुटुभित्र चारवटा भल्ब हुन्छन् । यी भल्ब मुटुको हरेक धड्कनसँगै खुल्ने र बन्द हुने गर्छ । यीमध्ये बायाँतर्फको तल्लोपट्टिको भल्ब खुम्चिनु वा राम्रोसँग नखोलिनुलाई एरोर्टिक स्टेनोसिस भनिन्छ । यसले पनि रगतको प्रभावलाई कम गर्ने वा बन्द गर्ने गर्न सक्छ । यदि बन्द भएमा कार्डियाक अरेस्ट हुनसक्छ ।

***कोरोनरी धमिनीमा समस्या***

कोरोनरी धमिनीले नै मुटुमा पम्प भएको शुद्ध रगत शरीरको विभिन्न भागमा पुर्‍याउँछ । कुनै कारणवश धमिनीमा कोलेस्टेरोल र बोसो जम्न थालेपछि धमिनी साँघुरिन्छ । यस्तो अवस्थामा रक्त सञ्चारमा अवरोध आउँछ वा ठप्प हुन्छ । यो दुई अवस्थाले कार्डियाक अरेस्ट गराउन सक्छ । किनकि, रगत शरीरमा पुग्न नपाउनु भनेको अक्सिजन र पोषक तत्त्व शरीरका अन्य भागले नपाउनु हो ।

***मुटुको मांसपेशी मोटो हुनु***

मुटुको मांसपेशीको भित्ता मोटो भएर जाने अवस्था हो । यसलाई चिकित्सकीय भाषामा कार्डियोमायोप्याथी भनिन्छ । कार्डियोमायोप्याथीले मुटुको कार्य क्षमतालाई कमजोर पार्छ । मांसपेशी मोटो हुँदा मुटुमा रक्तप्रवाह हुन पाउँदैन र मुटुले काम गर्न छाड्छ र तत्काल मृत्यु हुन्छ । यो समस्या जन्मजात तर दुर्लभ समस्या हो । विश्वव्यापी रूपमा यो ५०० जनामा एक जनालाई हुनसक्छ । यस्ता जन्मजात मुटुरोग बाबुआमामा देखिएमा सन्तानमा पनि देखिन सक्ने सम्भावना हुन्छ ।

***कार्डियाक अरेस्ट भनेर कसरी थाहा पाउने ?***

अचानक बेहोस हुने कारण कार्डियाक अरेस्ट बाहेक अन्य कारणले पनि हुनसक्छ । यस्तोमा बेहोसीको कारण कार्डियाक एरेस्टको हो कि होइन भनेर पत्ता लगाउन सकिन्छ । मधुमेह, प्रेसर लो वा अन्य सामान्य कारणले बेहोस हुँदा हातको नाडी छाम्दा चलिरहेको हुन्छ । श्वासप्रश्वासको अवस्था पनि सामान्य हुन्छ । तर बेहोस भएको व्यक्तिको नाडी छाम्दा चलेको छैन, श्वासप्रश्वास चलेको छैन, कुनै चाल छैन भने कार्डियाक अरेस्टकै लक्षण भनेर बुझिन्छ ।

***कार्डियाक अरेस्ट भएका बिरामीको उपचार सम्भव छ ?***

पक्कै, पनि सम्भव छ । तर तत्काल कार्डियाक एरेस्टको शंका गरेर दक्ष व्यक्तिले कार्डियो पल्मेनरी रिस्टीस्टयुसिएसन -सीपीआर) दिइहाल्नुपर्छ । यसलाई 'बेसिक लाइफ सपोटर' भनिन्छ । सीपीआर विना बिरामीलाई बचाउन सक्ने सम्भावना हुँदैन । सीपीआर दिंदै नजिकको अस्पताल लगेर बचाउन सकियो भने व्यक्ति सामान्य जीवनमा फर्किन सक्छ ।

***सीपीआर कसरी दिने ?***

यदि सीपीआर एक्लै दिनुपर्ने अवस्था छ भने छातीको बीच भागमा ३० पटक दुवै हातले थिच्ने र दुई पटक मुखमा सास दिने गर्नुपर्छ । यो जसले पनि गर्न सक्ने सामान्य सीपीआर हो । त्यस्तै, अस्पताल पुगेर पनि सीपीआर दिइन्छ । जसलाई अटोमेटिक एक्सटर्नल डेबिलेटर विद्युतीय सीपीआर उपकरणाको मद्दतले कही क्षणमै मुटुको गतिलाई सन्तुलनमा ल्याएर मुटुको धमिनीमा अवरोध आएको शल्यक्रिया गरी बचाउन सकिन्छ ।

***सीपीआरको तालिम दिनु आवश्यक***

विकसित मुलुकहरुमा एयरपोर्टमा काम गर्नेदेखि शिक्षकलाई समेत सीपीआरको तालिम दिइएको हुन्छ । ताकि, सीपीआर नपाएर कसैले पनि ज्यान गुमाउनु नपरोस् । तर नेपालमा भने त्यो प्रावधान छैन । सहरी क्षेत्रमा अस्पतालको पहुँचमा हुनेले तत्काल सीपीआर र त्यसपछिको उपचार प्रक्रिया पूरा गरेर बचाएका थुप्रै केस छन् । विडम्बना कतिपय ग्रामीण भेगमा न त तालिमयोग्य स्वास्थ्यकर्मी छन्, न त उपचार तत्काल गर्ने अस्पताल । यस्तोमा उपचारमा ढिलाइ भई ज्यान जाने सम्भावना उच्च हुन्छ ।

कार्डियाक अरेस्ट जुनसुकै समय र स्थानमा हुनसक्ने भएकाले यसबाट हुनसक्ने मृत्युको जोखिम घटाउन सरकारले ग्रामीण भेगदेखि सहरी क्षेत्रमा पनि युवाहरूलाई सीपीआरको तालिम दिनुपर्ने देखिन्छ । साभार अनलाइनखबर डटकम

# प्युठानमा दुई जनामा हैजा भेटियो

**काठमाडौं ।** प्युठानमा दुई जनामा हैजा पुष्टि भएको छ । गौमुखी गाउँपालिकाको वडा नम्बर ५ का दुई जना बिरामीमा हैजा पुष्टि भएको प्रदेश जनस्वास्थ्य प्रयोगशाला लुम्बिनीका प्रमुख राजेश कुमार गुप्ताले बताए । गौमुखीका १२ र ३५ वर्षका पुरुषमा हैजा भेटिएको उनले बताए । उनीहरुको प्युठान जिल्ला अस्पतालमा उपचार भइरहेको छ । '३५ वर्षको पुरुष भखरै भारतबाट फर्किएका हुन् । घरका अन्य व्यक्तिमा पनि झाडापखला लगायतका लक्षण देखिएको छ,' गुप्ताले भने, 'संक्रमणको स्रोत पहिचान गर्न पानीको नमुना संकलन ल्याएका छौं ।' इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा -ईडीसीडी) का अनुसार ललितपुरको गोदावरी, ग्वार्को इमाडोललगायत क्षेत्रका १६ जनामा हैजा देखिएको छ । काठमाडौंको टोखाका १ जना गरी उपत्यकामा १७ जनामा हैजा पुष्टि भएको छ । यस्तै, कैलालीका ८ जनामा हैजा सङ्क्रमण देखिएको छ । साभार अनलाइनखबर डटकम

# आर्थिक समाचार

## करार कि स्थायी भन्नेमा कुरा नमिलेपछि रोयल टाइगर क्यासिनोका कर्मचारी आन्दोलित

***बुटवल ।*** रुपन्देहीको टाइगर प्यालेस रिसोर्टमा सञ्चालित रोयल टाइगर रिक्रियसन -आरटीआर) क्यासिनोका कर्मचारी आन्दोलनमा उत्रिएका छन् । यसअघि पुरानो व्यवस्थापनले हटाएका कर्मचारीहरुसँग अदालतमा मुद्दा चलिरहेकोमा टाइगर प्यालेस होटेलमा नयाँ लगानीकर्ता भित्रिएपछि गोल्डेन ह्यान्डसेकको प्याकेज ल्याएको थियो ।

सो प्याकेजअन्तर्गत पहिले निकालिएका कर्मचारीले पुनः काम सुरु गर्न सक्ने र त्यसरी काम सुरु गरेको खण्डमा प्रतिव्यक्ति १ लाख ६५ हजार रुपैयाँ एकमुष्ठ भुक्तानी गर्ने र जागीर पनि दिने समझदारी कर्मचारीहरुसँग गरिएको थियो ।

पुनः काममा आउन नचाहने कर्मचारीको हकमा २ लाख ७० हजार रुपैयाँ कम्पनीले भुक्तानी गर्ने समझदारी भएको संघर्ष समितिका संयोजक चित्रबहादुर भण्डारीले बताए । यो समझदारी भएपछि नयाँ लगानीकर्ताले सर्वोच्च अदालतमा चलिरहेको मुद्दा पनि फिर्ता लिएका थिए ।

त्यो प्याकेज तत्कालीन समयमा होटेल तथा क्यासिनो दुवैका कर्मचारीलाई लागू हुने व्यवस्था गरिएको थियो । त्यसमध्ये होटेलका २१ कर्मचारी र क्यासिनोका ४६ जनाले पुनः काम सुरु गरेका थिए । बाँकी कर्मचारीहरुले गोल्डेन ह्यान्डसेकको रकम लिएको र उनीहरुको सम्पूर्ण भुक्तानी भइसकेको होटेलका सञ्चालक बुद्धिसागर सुवेदीले बताए ।

यो साउन महिनादेखि होटेलमा रहेको क्यासिनो रोयल टाइगर रिक्रियसन -आरटीआर) नामक कम्पनीलाई होटेलले लिजमा सञ्चालन गर्न दिएको थियो । नयाँ कम्पनीले क्यासिनो सञ्चालन थालेपछि यसअघि पुनर्बहाली भएका ४६ कर्मचारीको व्यवस्थापनमा केही समस्या आएको होटेलका सञ्चालक सुवेदीले जानकारी दिए । 'यसअघि हामीले कर्मचारीहरुसँग सम्झौता गर्दा नियमित काममा लगाउने भनेर गरेका थियौं । क्यासिनो सञ्चालकले क्यासिनोकै लाइसेन्स एक वर्षको हुने भएकाले स्थायी कर्मचारी नराख्ने करारमा मात्रै राख्ने भनेको छ । त्यसअनुसार ८ जना कर्मचारी करारमै काम शुरु गरिसके । ३८ जना कर्मचारीले आफूहरु स्थायी नै हुनुपर्छ भन्ने माग गर्नुभएको छ,' उनले भने, 'हामी समस्या समाधानको पहल गरिरहेका छौं ।'




क्यासिनोमा ४ सय कर्मचारी कार्यरत रहेको र बाँकीमा समस्या नभएको उनले बताए ।

संघर्ष समितिका संयोजक भण्डारीले भने रिसोर्टले क्यासिनो सञ्चालनको जिम्मा नयाँ व्यवसायीलाई दिएर कर्मचारीलाई पुनर्बहाली गर्नुपर्ने अदालत र पुरानो व्यवस्थापन पक्षाको सम्झौताबाट जोगिने प्रयास गरेको आरोप लगाए ।

कर्मचारी संगठनका अध्यक्ष रोशन गुरुङले रिसोर्ट र क्यासिनो सञ्चालकले अदालतको आदेशलाई बेवास्ता गर्दै दायित्वबाट पन्छिन खोजेको भन्दै माग पूरा नभएसम्म आन्दोलन नरोकिने बताए ।

तिलोत्तमा-१५ स्थित टाइगर प्यालेस रिसोर्टमा यसअघि एसएचएल म्यानेजमेन्ट सर्भिसेज केटीएम प्रालिले क्यासिनो सञ्चालन गर्दै आएको थियो । होटेलमा नयाँ व्यवस्थापन आएपछि यही साउन १ गतेदेखि रोयल टाइगर रिक्रियसनले लिजमा लिएको थियो ।

निष्कासित श्रमिकहरूसँग २०८० पुस १३ गते गरेको सम्झौता कार्यान्वयनमा समेत रिसोर्टले चासो नदेखाएको उनीहरूको आरोप छ ।

कोरोनाको बेला निष्कासन गरिएकाहरूमध्ये क्यासिनोमा ४६ जना र होटलतर्फ २१ जनालाई पुनर्बहाली गरिएकोमा अझै क्यासिनोतर्फ १८ जना र होटलतर्फ चार जनालाई पुनर्बहाली नगरिएको भण्डारीको आरोप छ ।

नयाँ नियुक्ति नहुने श्रमिकहरूको हकमा सम्झौता बमोजिमको भुक्तानी दिएको कम्पनीले बताएको छ । तर गोविन्दप्रसाद गौतम र केशवराज पन्थी लगायतले सम्झौता बमोजिमको प्रक्रिया अन्तर्गत नियुक्ति भई काम गर्न वा नयाँ नियुक्ति नलिई सम्झौता बमोजिमको रकम भुक्तानी लिने भनी दिएको विकल्प छनोट गर्न कम्पनीमा उपस्थित नभएको टाइगर वान प्रालिका प्रमुख प्रशासकीय अधिकृत दिपक लेखकले श्रम रोजगार कार्यालयलाई जानकारी गराएका छन् । साभार अनलाइनखबर डटकम

## मधेशको रकमान्तरमा अनियमितता भएको छानबिन समितिको निष्कर्ष

***जनकपुरधाम ।*** मधेश सरकारले गठन गरेको छानबिन समितिले आर्थिक वर्ष २०७९/८० मा अर्थ मन्त्रालयले रकमान्तर गर्दा अनियमितता गरेको निश्कर्ष निकालेको छ ।

मधेशको १३६ मध्ये १३० स्थानीय तहमा असन्तुलित रुपमा सशर्त र विशेष अनुदान पठाएको, ६ वटामा नपठाएको, सर्लाहीको ६ वटा र सप्तरीको एक गरी ७ पालिकामा धेरै अनुदान पठाएको, महानगर र उपमहानगरलाई पठाउने अनुदानमा काखापाखा गरेको समितिले प्रतिवेदनमा उल्लेख गरेको छ ।

त्यस्तै विषयगत मन्त्रालयले बजेट माग गरेको मिति अगावै रकमान्तर गरेको, उद्योग तथा पर्यटन मन्त्रालयका मन्त्रीको स्वकीय सचिवले लेटरहेडको दुरुपयोग गरेर ४२ करोड रुपैयाँ रकमान्तर गराएको छानबिन समितिले उल्लेख गरेको छ ।

आर्थिक वर्ष २०७९/८० मा अर्थ मन्त्रालयले जथाभावी रकमान्तर गराएको भन्दै नेकपा एमालेले छानबिन समिति गठनको माग गरेको थियो ।

त्यसपछि लोकतान्त्रिक समाजवादी पार्टीका सांसद उपेन्द्र महतोको सभापतित्वमा २६ असार २०८० मा विशेष छानबिन समिति गठन गरिएको थियो । दुई महिना समय दिइएको उक्त समितिले झण्डै एक वर्षपछि ९ असार २०८१ मा सभामुख रामचन्द्र मण्डललाई प्रतिवेदन बुझाएको हो ।

समितिमा मधेश प्रदेशसभामा प्रतिनिधित्व गर्ने १० वटा दलका एक-एक जना सांसद सदस्य थिए । समितिले २२ असार २०८० सम्म विभिन्न मन्त्रालयहरुबाट रकमान्तरको लागि अर्थ मन्त्रालयमा लेखिआएको पत्रहरुको आधारमा रकमान्तर गरेको उल्लेख गरेको छ ।

त्यस्तै भौतिक पूर्वाधार र शिक्षा तथा समाज कल्याण मन्त्रालयबाट अर्थ मन्त्रालयमा प्राप्त भएको पत्रको दर्ता नै नगरीकन समेत रकमान्तर गरेको पाइएको छ ।

'भौतिक पूर्वाधार विकास मन्त्रालयबाट प्राप्त फाइल अर्थ मन्त्रालयमा २०८० असार १३ गते दर्ता भएको देखिन्छ तर १२ गते नै अर्थ मन्त्रालयले रकमान्तर सम्बन्धी निर्णय गरेको पाइयो', प्रतिवेदनमा भनिएको छ । यसबाट मन्त्रालयले निर्णय प्रक्रियाको सामान्य प्रशासकीय कार्यविधिको समेत पालना नगरेको देखिएको प्रतिवेदनमा उल्लेख छ ।

तत्कालीन उद्योग, पर्यटन तथा वनमन्त्री रहेकी सुनिता यादवका स्वकीय सचिवले आफ्नो लेटर हेडको अनधिकृत प्रयोग गरेको र त्यही प्रतिवेदनको आधारमा अर्थ मन्त्रालयले रकमान्तर गरेको प्रतिवेदनमा उल्लेख छ । 'तत्कालीन उद्योग, पर्यटन तथा वन मन्त्रीको निजी सचिवालयको लेटर हेडमा स्वकीय सचिवले पत्र लेखी मिति २०७९/१२/१५ गते हस्ताक्षर गरेको र मन्त्रालयको सचिवलाई रकमान्तरको लागि पत्र लेखेको देखियो । यसरी स्वकीय सचिवले अनधिकृतरुपमा निजी सचिवालयको लेटर हेडको प्रयोग गरी पत्र लेखेको देखिन्छ', प्रतिवेदनमा भनिएको छ ।

बाँकी ५ पृष्ठमा

## संक्रमणकालीन न्यायमा सहमति : पीडित केन्द्रित छ कि पीडक ?

१७ साउन २०८१ मा सत्य निरुपण तथा मेलमिलाप सम्बन्धी संशोधन विधेयकमा तीन सदस्यीय कार्यदल सहमतिमा पुगेको सार्वजनिक जानकारीमा आएको छ । कानुन, न्याय तथा मानवअधिकार संसदीय समितिमा संशोधन विधेयकका चार विवादित विषयमा सहमति भएको समाचार सार्वजनिक भएको छ ।

गृहमन्त्री तथा नेपाली कांग्रेसका नेता रमेश लेखक, एमालेका प्रमुख सचेतक महेश बर्तौला र माओवादी केन्द्रका नेता जनार्दन शर्मा यसबाट उत्साहित देखिए पनि । उनीहरूले 'पीडित केन्द्रित' भएर विवादित सवाल टुंग्याएको बताए । यसलाई केही राष्ट्रिय सञ्चारमाध्यमले 'ब्रेक थ्रु' भएको भनेका छन् ।

तर, धरातलीय वास्तविकता फरक छ । भनिएको चार विवादमा भएको सहमति 'पीडक केन्द्रित' हो । कार्यदलले उल्लेख गरेका विषय पीडकलाई कसरी जोगाउन सकिन्छ भन्ने मनसायबाट प्रेरित छन् । किनभने प्रस्तावित विधेयकमा पीडितका मुख्य सरोकार समेटिएको छैन ।

यस्तै पीडित पक्षले विरोध गरेको मानवअधिकारको गम्भीर उल्लंघन र मानवअधिकार उल्लंघनको वर्गीकरण सम्बोधन भएको छैन । अक्षम्य अपराधलाई पनि मानवअधिकार उल्लंघनको वर्गमा राखेर सामान्यीकरण गरिएको छ । यसमा 'पीडित र पीडक बीच मेलमिलाप गर्न सकिने' प्रस्ताव गरिएको छ, जुन आपत्तिजनक छ ।

जस्तो कि हत्या, यौनजन्य हिंसा, यातना, अपहरण तथा शरीर बन्धक, अङ्गभङ्ग वा अपाङ्ग बनाउने कार्य, अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कार्य विपरीत गरिएका जुनसुकै कार्यलाई समेत प्रस्तावित विधेयकमा क्षमा हुनसक्ने भनेको छ । यी अपराधलाई सामान्य मानेर 'मानवअधिकारको उल्लंघन'को परिभाषामा राखिएको छ । जबकि यी अपराध अक्षम्य एवं गम्भीर मानवअधिकार उल्लंघन हुन् ।

हतियार बोकेका माथि भएको बलात्कारलाई विधेयकले सम्बोधन गर्दैन । बाल लडाकुको प्रयोग र सुरक्षाकर्मी वा हतियारधारी समूहलाई नियन्त्रणमा लिई दिइएको यातना वा हत्या जस्ता युद्ध अपराधलाई न्यायको दायरामा ल्याएको छैन । यसलाई परिपूरणमा सीमित गरेको छ । त्यसैगरी गैरराज्य पक्षबाट भएका यातनालाई विधेयकले समेट्दैन । कारबाही गर्ने 'प्रचलित कानुन'को -मुलुकी अपराध संहिता २०७४) दायरामा तिनी पर्दैनन् ।

कानुन, न्याय तथा मानवअधिकार समितिको कार्यदलले विवादित ४ विषयमा सहमति जुटाएको छ । यिनमा -क) क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको बदलामा 'मनसायपूर्वक वा स्वेच्छाचारी हत्या' लेख्ने -ख) सुरक्षाकर्मी परिवार तथा बहिर्गमित लडाकु -बाल लडाकु समेत) लाई परिपूरण दिने -न्यायको दायरामा नपार्ने) विषय छ । यस्तै अरू दुई वटा सहमतिमा -ग) मानवअधिकार उल्लंघनका घटनामा मेलमिलाप हुन नसकेमा मुद्दा चल्ने -स्वतःसिद्ध विषय) र -घ) प्रचलित कानुनमा पच्चीस प्रतिशत नघटाई सजायको माग दाबी गर्ने -कम सजायको विकल्प विपरित न्यायालयको स्वविवेकमा हस्तक्षेप) छन् । अर्थात् यो सहमति पीडकका पक्षमा 'ब्रेक थ्रु' हो । तर 'पीडित केन्द्रित' भएको भनेर अफवाह फैलाइयो र राजनीतिक भ्रम छरियो ।

अक्षम्य अपराधलाई पनि मानवअधिकार उल्लंघनको वर्गमा राखेर सामान्यीकरण गरिएको छ । यसमा 'पीडित र पीडक बीच मेलमिलाप गर्न सकिने' प्रस्ताव गरिएको छ, जुन आपत्तिजनक छ । कतिपयले संक्रमणकालीन न्यायलाई 'द्वन्द्वपीडित' को सरोकारको विषय मात्रै हो भन्ने ठानेका छन् । उनीहरूले द्वन्द्वकालका हत्या-हिंसाका विषयलाई अघि बढाउँदा राजनीतिक परिस्थिति जटिल हुने आशंका पनि गरेका छन् । यसबाट राजनीतिक उपलब्धि समेत भएकाले उनीहरू यसलाई दलीय सहमति र राजनीतिक दृष्टिकोणबाट टुंग्याउनुपर्ने ठान्छन् । परिपूरणबाट सन्तुष्टि दिन उचित हुने सोच्छन् । द्वन्द्वरत पक्षले विगतमा जस्तोसुकै अपराध गरे पनि उन्मुक्ति दिनुपर्ने विचार राख्छन् । तर संक्रमणकालीन न्यायले यसलाई मान्दैन । सत्य, न्याय, परिपूरण तथा संस्थागत सुधारबाट नदोहोरिने सुनिश्चितता यसका आधारभूत सिद्धान्त हुन् । मुलुकको भविष्यसँग यो प्रक्रिया जोडिएको हुन्छ । दिगो शान्ति यसको प्रमुख लक्ष्य हो । भावी पुस्तालाई कस्तो नजिर छोड्दैछौं भन्ने 'मूलभूत प्रश्न' हो । त्यसैले राजनीतिक मात्र नभएर यो पीडित न्यायिक हकको सवाल पनि हो । यो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासोको विषय हो । यसको वैधता अन्तर्राष्ट्रिय स्वीकार्यतामा निर्भर गर्दछ । यसले विद्यमान दण्डहीनतालाई अन्त्य गर्ने लक्ष्य राख्दछ । लोकतन्त्रको स्थायित्व यसको सफलताले निर्धारण गर्दछ । अधुरो शान्ति प्रक्रिया पूरा हुनेछ । साभार अनलाइनखबर डटकम

## धार्मिक......................

गइन्छ भनेर कुनै धार्मिक प्रवचनमा भनियो भने पनि यहाँ सत्य हो भन्दै ताली पिट्ने जमात यसरी नै अगाडि आउनेछ ।

हरेक दिन पासोमा झुण्डिएका, विष सेवन गरेका र खोलामा हाम फालेका दृश्यले न कसैलाई छोएको छ न कसैले त्यसको कारणको खोजी गरेको छ । केवल महिलाको चरित्र माथि हजारौं प्रश्न उठाएर लास माथि पनि इज्जतको धावा बोलिरहने समाजका पात्रको सोच बदल्न पक्कै सहज छैन ।

सती प्रथा जस्तै परम्परागत र सांस्कृतिक मान्यताहरूमा लैङ्गिक असमानताको विष मिसाउँदा समाजमा असमानता र अन्याय फैलाउँछ । सती प्रथामा, महिलालाई पतिको मृत्युपछि जिउँदै जल्न बाध्य पारियो । जसले उनीहरूको जीवन स्वतन्त्रता र मानवअधिकार हनन् अनि आत्मसम्मानलाई नष्ट गरेको थियो ।

यस्ता उदाहरणाले महिलाहरूलाई सधैं अन्यायपूर्ण व्यवहार सहनुपर्ने मानसिकतामा राख्दछ । सीताको अग्निपरीक्षा यस्तै अन्यायपूर्ण परम्पराको एक उदाहरण थियो । यस्ता परम्पराले महिलालाई सधैं साक्षात्कार र परीक्षणको सामना गर्नुपर्ने दबाब दियो तर यी ठाउँमा पुरुषले कहिल्यै प्रश्नको सामना गर्नु परेन ।

अहिले लैंगिक समानताको आन्दोलन अघोषित रूपमा चलिरहेको छ । अझ धार्मिक प्रवचनमा हुने यस्ता विभेदी भनाइले झनै ठूलो अर्थ राख्छ । समानता र न्यायको दृष्टिकोणबाट हेर्दा, सम्बन्ध जोगाउने जिम्मेवारी केवल महिलामाथि मात्रै राख्नु उचित छैन । यो जिम्मेवारी पुरुष र महिलाबीच समान रूपमा बाँडिनुपर्छ । पुरुषलाई पनि सम्बन्धमा जिम्मेवारी लिने, सहयोगी र समर्पित हुन प्रोत्साहित गर्नुपर्छ ।

समकालीन समाजमा, लैंगिक समानताको महत्वलाई बढ्दो रूपमा मान्यता दिइएको छ । सम्बन्धहरू पारस्परिक सहयोग र सम्मानमा आधारित हुनुपर्छ भन्ने धारणा छ । यो दृष्टिकोणले सम्बन्धलाई सुदृढ र स्वस्थ बनाउन मद्दत गर्छ ।

गलत कुराको समयमै खण्डन भएन भने यसले निरन्तरता पाउँछ, आउने पुस्ताले त्यही सिक्दै जान्छ । तसर्थ भविष्यका धार्मिक प्रवचनहरूले लैंगिक समानतालाई समेट्न र पारस्परिक जिम्मेवारीको महत्वलाई प्रोत्साहन गरुन् भन्न पनि यी बहसलाई सकारात्मक रूपमा लिनुपर्छ । धार्मिक वाचकहरूले समसामयिक परिप्रेक्ष्यलाई ध्यानमा राखेर प्रवचन दिने हो भने समाजमा समानता र समृद्धिको मार्ग प्रशस्त हुन जान्छ । समाजलाई सन्तुलित र न्यायपूर्ण बनाउन मद्दत पुऱ्याउँछ ।

विचारकहरूले समानता, न्याय र अधिकारको पक्षमा काम गर्दै आएको पनि हामीले पाएका छौं । केही उदाहरण हेर्ने हो भने महात्मा गान्धीले हिन्दू धर्मका सिद्धान्तहरू विशेषगरी अहिंसा र सत्याग्रहलाई आफ्नो राजनीतिक र सामाजिक आन्दोलनमा समाहित गरे । समाजमा हिंसा विरुद्धको जनचेतना पनि बढाए, गौतम बुद्धले आफ्ना प्रवचनहरू मार्फत अहिंसा, करुणा र समभावको शिक्षा दिए ।

सत्य साई बाबाका प्रवचनहरूले लाखौं अनुयायीलाई प्रेरित गरेका छन् । मार्टिन लुथर किङ जुनियरले बाइबलका शिक्षाहरू र इसाई धर्मको सिद्धान्तहरूलाई आफ्ना प्रवचन र आन्दोलनमा समाहित गरे । उनका प्रवचनहरूले अमेरिकी समाजमा भेदभावको न्यूनीकरण गर्न महत्वपूर्ण भूमिका खेल्यो ।

यी ऐतिहासिक र समकालीन उदाहरणहरूले देखाउँछन् कि धार्मिक प्रवचनहरूले समाजमा सामाजिक परिवर्तनमा कति ठूलो भूमिका खेल्छ भनेर । अधिकांश महिला मन्त्रमुग्ध भएर सुनिरहेको प्रवचनमा महिलालाई 'श्रीमान्का तमाम अवगुणलाई नजरअन्दाज गरेर सम्बन्ध जोगाइराख' भनेर दिने उपदेशले कानुन र मानवअधिकारको नै धज्जी उडाउने काम गरेको छ । धर्मले समभाव र समन्यायलाई जोड दिन्छह असमान र विभेदलाई होइन ।

जब परम्परागत र सांस्कृतिक मान्यताहरूमा असमानताको विष मिसाइन्छ, यसले समाजमा असमानता र अन्याय फैलाउँछ । अमृतमा विष मिसाउँदा, अमृतको गुण नष्ट हुन्छ र विषको हानिकारक प्रभाव बढ्छ । समाजमा अधिकांशले रुचिपूर्वक सुन्ने प्रवचनमा विष मिसाउँदा त्यसको असर पनि नकारात्मक पर्छ ।

यसले महिलाहरूलाई कमजोर र असमान स्थितिमा राख्दछ, र समाजमा असन्तुलन ल्याउँछ । तसर्थ, धार्मिक प्रवचनहरूलाई विषमुक्त राख्न र समानता, न्याय र परस्पर सम्मानका सिद्धान्तहरूमा आधारित बनाउन जरूरी छ । नत्र पुल छोडेर खोला तर्न जाँदा आउने परिणाम जस्तै हुनेछ समाज । (शर्मा नेपाल पत्रकार महासंघ कास्कीको उपाध्यक्ष हुन् ।) साभार अनलाइनखबर डटकम

## परराष्ट्र...

मझौला चरित्रका शक्तिराष्ट्रहरूसँग सहकार्य गर्ने नीतिलाई जोड दिएको थियो । फलतः यसबीचमा नेपालले बेलायत, जापान, दक्षिण कोरिया जस्ता राष्ट्रहरूसँगको सहकार्यलाई महत्व दियो ।

उदाहरणका लागि, कोरियन कम्पनीका उत्पादनहरू हुन्डाई र सामसुङको नेपालमा उत्पादनको लागि सहजीकरण र सो अनुकूलको वातावरण निर्माण गर्न राज्यका तर्फबाट भूमिका निर्वाह भएको छ ।

त्यसैगरी, अरब राष्ट्रहरूसँगको सम्बन्धलाई पनि नयाँ ढंगबाट परिभाषित गर्ने प्रयत्न भएको छ । कतारी नरेशको नेपाल भ्रमण र त्यस क्रममा भएको श्रम तथा आर्थिक सहकार्य सहितका सम्झौताहरूले पश्चिम एशिया अर्थात् अरब क्षेत्रसँगको सम्बन्धलाई श्रम गन्तव्यका अलावा लगानी सम्भाव्य क्षेत्रका रूपमा पनि हेर्न थालिएको छ । जीवाष्म इन्धनमा धनी राष्ट्र भएका अरब मुलुकहरूले नेपालको जलविद्युत्मा लगानीको रुचिलाई अर्थपूर्ण रूपमा हेर्नुपर्छ ।

यसले नेपालसँग विद्यमान प्राकृतिक सम्पदाको भविष्य छ भन्ने सन्देश प्रवाह भएको छ । त्यसले पनि के देखाउँछ भने अरब मुलुकहरूले नयाँ लगानीका क्षेत्रहरू खोजिरहेका छन्, र उनीहरूको नजरमा नेपाल पनि सम्भावित लगानी क्षेत्र हुनसक्छ । यसबाट भूराजनीतिक स्वार्थ नजोडिएको अरब क्षेत्रलाई 'तटस्थ लगानी'का रूपमा आकर्षित गर्न सक्ने सम्भावना उद्घाटित भएको छ ।

***ग्रीन-पिसको प्रस्तावना***

विश्वमा जारी नयाँ र पुराना भूराजनीतिक द्वन्द्वमा नेपाल तानिने सभावना विद्यमान छ । नेपालको एजेण्डा र मुद्दाहरू विश्वसामु मुखर भएका छन् । माथि उल्लिखित अन्तरवस्तुका आधारमा पनि ग्रीन-पिस प्रस्तावको लागि प्रस्तावना तयार भएको छ । नेपालले सैन्य एवं सामरिक मुद्दामा असंलग्न रहने, विश्वले भोगिरहेका साझा एवं जल्दाबल्दा मुद्दामा हातेमालो गर्ने र आर्थिक विकासका मुद्दामा सहकार्यको नीतिलाई अँगाल्न जरूरी छ ।

नेपालको शान्ति प्रक्रिया विश्वमै उदाहरणीय छ । अन्तर्राष्ट्रिय फोरमहरूमा नेपाल एक शान्तिप्रिय देशको पहिचान सहित स्थापित हुन थालेको छ । अहिलेको सन्दर्भमा अलग पहिचान र नयाँ संकथन -न्यारेटिभ) पस्कन जरूरी छ ताकि विश्व समुदायलाई नेपालप्रति आकर्षित गर्न सकियोस्, नेपालको आत्मसम्मान वृद्धि गरोस् । परराष्ट्र नीतिमा देखिएको नीतिगत रिक्ततालाई अन्त्य गर्दै ग्रीन-पिसको नयाँ प्रस्तावका साथ छिमेक सहित विश्व शक्तिराष्ट्रसँग अन्तर्राष्ट्रिय सम्बन्धलाई थप मजबुत बनाउने विश्व दृष्टिकोण विश्वसामु लैजाने आधार तयार भएको छ ।

अन्त्यमाह विश्व व्यवस्था बहुध्रुवतर्फ अग्रसर भइरहेको छ । आगामी दशक शक्तिराष्ट्रहरू बीचको अन्तविरोधले युद्ध र शान्ति, समृद्धि र सुरक्षा अनि सहयोग र प्रतिस्पर्धाका आधारभूत विषयलाई गहिरो प्रभाव पार्नेछ । नेपाल सदैव आफैंमा बहुपक्षीय कूटनीतिलाई प्रधानता दिने मुलुकमा पर्छ । सार्कलाई सक्रिय बनाउनका लागि नेपालका तर्फबाट प्रयत्न नभएका होइनन् तर यस क्षेत्रका मुख्य शक्ति राष्ट्रबीचको असमझदारी र अरुचिका कारण यस प्रक्रियाले सार्थकता पाउन सकेन । आगामी दिनमा सार्क पुनः सक्रिय भइहाल्छ भन्न सकिंदैन ।

विश्व-राजनीतिमा विकसित नयाँ शक्ति सन्तुलनसँगै साना एवं मझौला चरित्रका अर्थतन्त्र भएका मुलुकहरू 'ग्लोबल साउथ'का देशहरूले नेतृत्व गरेको 'ब्रिक्स' संरचनामा सहभागी हुन आतुरता देखाइरहेका छन् । प्रचण्ड नेतृत्वको सरकारले ब्रिक्समा नेपालको सहभागीबाट के कस्ता लाभ लिन सक्छ भनी अध्ययन सुरु गरेको सन्दर्भमा ब्रिक्समा औपचारिक रूपमा सहभागी हुनका लागि नेपालले प्रक्रिया अगाडि बढाउनुपर्छ । साभार अनलाइनखबर डटकम

## बीमाको...

मदिरा तथा किराना सामग्री पाइने सपिङ सेन्टर खोलेका थिए ।

घटनापछि उनले इन्भटर सर्ट भएर आगो लगाएको बताएका थिए । शंका लागेपछि प्रहरीले अनुसन्धान थाल्यो । त्यसक्रममा व्यवसायमा निरन्तर घाटा भएपछि बीमाको रकम दाबी गर्ने उद्देश्यका साथ आफैंले आगो लगाएको खुलेको छ ।

प्रहरीका अनुसार आगलागीको घटनापछि इन्भटर बिक्री गर्ने पसलका धनीलाई भेट्यो, जसले इन्भटर सर्ट भएर आगो नलाग्ने बताए । नेपाल विद्युत प्रधिकरणले पनि घटना बुझेपछि विद्युत सर्ट नभएको जानकारी दियो ।

आफैंले आगो लगाएको हुनसक्ने प्रहरीको आशंका थियो । तर गहतराजले बीमा नगरेको बताए । अनुसन्धान चलिरहेका बेला १८ गते हिमालयन इन्सुरेन्समा बीमा दाबी गर्दै निवेदन दिए । उनले २ करोड १० लाख रुपैयाँको बीमा गरेको थिए ।

त्यसपछि प्रहरीले उनलाई नियन्त्रणमा लियो । पसल नचलेको, सामान पनि ठूलो मात्रामा स्टक रहेको, घर भाडाका विषयमा विवाद रहेको र आर्थिक व्यवहार बिग्रिँदै गएपछि बीमा दाबी गर्ने उद्देश्यले आगो लगाएको बयान दिएका छन् ।

गहतराजलाई पवन नेपालले सहयोग गरेको पाइएको कास्की प्रहरी प्रमुख एसपी मोहन थापाले जानकारी दिए ।

पवनले पोखरामा ह्याचरी तथा पोल्ट्री फार्म गर्दै आएको थिए । उनको पोल्ट्री फर्ममा गत वर्ष नै आगो लागेर ३१ लाख रुपैयाँ बीमा रकम लिएका थिए । उनकै सुझावमा गहतराजले आफ्नै सपिङ सेन्टरमा आगो लगाउने र बीमा वापतको रकम ल्याएर आर्थिक व्यवहार मिलाउने योजना बुनेका थिए ।

स्याङ्जाका दुवै जनाका बीचमा आर्थिक कारोबार थियो । गहतराजले बीमाबाट प्राप्त हुने रकमबाट १० लाख रुपैयाँ पवनलाई दिने सहमति समेत गरेका थिए ।

प्रहरीका अनुसार घटना भएको दिन दुवै जना गाडीमा गएर स्प्रिट ल्याएका थिए । 'सपिङ सेन्टर आगो लगाउने निर्णयपछि गहतराज निस्किएर जान्छन्, केहीबेरपछि आगो लगाएर नेपाल निस्किएर हिँडेको देखिन्छ,' एसपी थापाले भने ।

आगलागीबाट सपिङ सेन्टरको वाइन, ग्रोसरी र कस्मेटिक सप पूर्णरुपमा जलेर नष्ट भयो । सेन्टरका सञ्चालक गहतराजले विद्युत सर्ट भएर आगो लागेको बताएका थिए ।

तर बीमा रकम पाउने उद्देश्यका साथ आगो लगाएको खुलेपछि प्रहरीले गहतराज र नेपाल दुवैलाई नियन्त्रणमा लिएको छ । उनीहरु दुवै जनालाई आपराधिक उपद्रव मुद्दा चलाएर जिल्ला अदालतमा ७ दिनको म्याद थप गरिएको छ ।

यो कसुरमा २ देखि ५ वर्षसम्म कैद र २० हजारदेखि ५० हजारसम्म जरिवाना हुनसक्छ । साभार अनलाइनखबर डटकम

## पर्सामा...

एक हजार ८९ वटा उद्योग दर्ता भएका थिए । त्यस्तै आव २०७८,०७९ मा भने एक हजार चार सय ८८ वटा उद्योग दर्ता भएका थिए । घरेलु तथा साना उद्योग कार्यालय पर्साका प्रमुख उद्योग अधिकृत धनञ्जयकुमार सिंहले अघिल्लो आवको तुलनामा चालु आवमा नयाँ उद्योग दर्ता हुनेको सङख्यामा केही कमी आएको बताए । गत आर्थिक वर्षमा बैंकमा तरलता धेरै बढ्यो तर कुनै पनि उद्योगीरव्यवसायीले नयाँ उद्योग सञ्चालनका लागि आवश्यक कर्जा भने लिन सकिरहेका छैनन् । जसले गर्दा नयाँ साना तथा घरेलु उद्योग दर्तामा प्रत्यक्ष असर देखियो,उनले भने,समग्र मुलुकभरिकै अर्थतान्त्रमा शिथिलता र लगानीमैत्री वातावरण नहुँदा पनि धेरै उद्योग थपिएका छैनन् ।आव २०७९,०८० को तुलनामा आव २०८०,०८१ मा नयाँ उद्योग दर्ता सङख्या एक सय ९२ वटाले घटेको देखिन्छ । कार्यालयका अनुसार गत आवमा उत्पादन मूलक र कृषि तथा वन अन्य उद्योगतर्फ छुट्टाछुट्टै एक सय ७९ नयाँ उद्योग दर्ता भएका छन् । त्यस्तै, निमार्णतर्फ एक सय एक नयाँ उद्योग दर्ता भएका छन् । पर्यटनतर्फ ८०, सेवातर्फ तीन सय ५८ वटा नयाँ उद्योग थपिएका छन् । गत आवमा ऊर्जामुलुक, सूचना तथा सञ्चार र खनिजतर्फ भने कुनै पनि उद्योग दर्ता भएनन् । गत आवमा दर्ता भएका सबै खालका उद्योगको चालु पुँजी भने एक अर्ब पाँच करोड ९८ लाख सात हजार चार सय ५४ रहेको छ । गत आवमा दर्ता भएका नयाँ उद्योगले तीन हजार चार सय ५५ जनालाई रोजगारी सिर्जन गर्ने बताइएको छ । कार्यालयका अनुसार गत आवमा वाणिज्य प्रशासनतर्फ भने पाँच सय ११ वटा नयाँ पसल दर्ता भएका छन् । विसं २०८० असोज २५ गतेदेखि वाणिज्य प्रशासनतर्फ दर्ता हुने पसलहरु पनि अहिले घरेलु तथा साना उद्योगमा दर्ता हुने व्यवस्था अनुसार ती थपिएका हुन् ।

## वीरगञ्ज...

कुम्हालटोलका सचिव श्रवण रायमाझी, घण्टाघर प्रहरी पोष्टका प्रमुख असई राजेश मिश्रा, बैंकका सदस्यहरु सन्जय मण्डल, हरेन्द्र पटेल, अभिलाष गुपता, नवराज भट्टराई, जानकी देवी, शोभा देवी, सन्जय साह, राहुल सिंह राजपुत लगायतको सहभागिता रहेको सचिव कन्हैया पटेलले बताए । सो अवसरमा सल्लाहकारद्धय अधिवक्ता गुप्ता र उपाध्यायले मानवसेवा गर्नु हामी मानवको प्रमुख कर्म हो र सबै भन्दा ठूलो धर्म हो । त्यसैले सम्पूर्णले आफनो आम्दानी मध्ये ५ प्रतिसत समाजिकसेवा कार्यमा दान गर्न सहयोग गर्न हार्दिक आग्रह गरेको छन् । सो कार्यक्रममा अध्यक्ष सिंहले मानवैय सेवामा कार्यरत बैकलाई सहयोग गर्ने सम्पूर्ण दाता, शुभेच्छुक, सञ्चारकर्मी, सल्लाहकार, पदधिकारी सदस्यहरुलाई हार्दिक आभार धन्यवाद प्रकट गरेका थिए ।

## मुख्यमन्त्री...

कँडेल नेतृत्वका कर्णाली सरकारमा नेपाली कांग्रेस सहभागी भएको छ । कांग्रेसबाट राजीवबिक्रम शाह आर्थिक मामिला तथा योजना मन्त्री बने भने सामाजिक विकास मन्त्रीमा घनश्याम भण्डारी, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रीमा सुरेश अधिकारी र ऊर्जा तथा जलस्रोत मन्त्रीमा विजया लामा नियुक्त भए ।

आर्थिक मामिलामन्त्री शाहले सरकारमा कांग्रेसको नेतृत्व गर्नेछन् । 'दुई नेताबीच पछिल्लो समय बढ्दै गएको निकटता र सिनियारिटीले राजीव दाइलाई सरकारमा जान सहज बनायो', कांग्रेसका एक प्रदेश स्तरीय नेता भन्छन् ।

***को हुन् राजीव ?***

काठमाडौं जन्मिए हुर्किएका शाह ०४१ सालमा पहिलो पटक पुर्खसौली थलो पुग्दा १६ वर्षका थिए । फर्किएर अध्ययनमा व्यस्त भए, भारत, बेलायत लगायतका शैक्षिक संस्थाबाट अध्ययन पूरा गरिसकेपछि राजीव ०६३ तिर जारजरकोट फर्किए ।

त्यतिबेला जाजरकोटमा झाडापखाला महामारी फैलिएको थियो । राजीवले आफ्नो व्यक्तिगत खर्चमा हेलिकप्टर चार्टर्ड गरेर महामारी फैलिएको क्षेत्रमा डाक्टर र औषधी पुर्याए । राज्य नपुगेको ठाउँमा आएका राजीवले खुब माया पाए ।

त्यसपछि उनी जाजरकोटसँग जोडिरहे ।

संविधानसभा निर्वाचन २०७० मा कांग्रेसले टिकट दियो । शाहले चुनाव जिते । कांग्रेसले शाहलाई २०७४ को निर्वाचनमा पनि प्रतिनिधि सभा उम्मेदवार बनायो । एउटा मात्रै प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको जाजरकोटमा शाह माओवादी केन्द्रका उम्मेदवार शक्तिबहादुर बस्नेतसँग पराजित भए ।

२०७९ को निर्वाचनमा पनि शाह प्रतिनिधिसभामै उठ्न चाहन्थे । तर कांग्रेस र माओवादीले चुनाव गठबन्धन गरेका थिए । शक्ति बस्नेतका लागि टिकट लिनुपर्ने भएपछि माओवादी अध्यक्ष प्रचण्डसमेत लागेर शाहलाई मुख्यमन्त्री बनाउने भनेर प्रदेशमा झर्न फकाए । जाजरकोट क्षेत्र नम्बर २ बाट प्रदेश सभा सदस्यमा विजयी भएका शाह मुख्यमन्त्री त बन्न पाएनन्, मन्त्री चाहिँ भएका छन् ।

मन्त्रीका रुपमा शाहको राजनीतिक परीक्षा सुरु भएको छ । राजनीतिमा चाहिने चातुर्यता र कूटनीतिमा कमजोर भएकै कारण शाहले पटकपटक धोका खाएको भन्दै उनी निकट एक नेता भन्छन्, 'उहाँ कमलो हृदय भएको मान्छे हो ।' साभार अनलाइनखबर डटकम

## मधेशको...

सोही पत्रलाई आधार मानी मन्त्रालयले टिप्पणी उठाएर ४२ करोड ६० लाख १० हजार रकमान्तर गर्नु विधिसम्मत नदेखिएको समितिले उल्लेख गरेको छ । यसरी रकमान्तर भएको बजेटबाट मठमन्दिर, सामुदायिक भवन, प्रवेशद्वार, कम्पाउन्ड बाल निर्माण जस्ता काम गरिएको प्रतिवेदनमा उल्लेख छ । तत्कालीन अर्थमन्त्री सञ्जय यादवले सर्लाहीको क्षेत्र नं. ३ -ख) मा पर्ने चक्रघट्टा गाउँपालिका, बागमती नगरपालिका, कविलासी नगरपालिका, बरहथवा नगरपालिका, हरिवन नगरपालिका र बसबरिया गाउँपालिकामा बढी सशर्त र विशेष अनुदान पठाएको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै सप्तरीको राजविराज नगरपालिकामा पनि बढी अनुदान पठाएको प्रतिवेदनमा भनिएको छ । त्यस आर्थिक वर्षमा बलान बिहुला गाउँपालिका, विदेह नगरपालिका, फतुवा विजयपुर नगरपालिका, बौधीमाई नगरपालिका, फरेटा गाउँपालिका र विश्रामपुर गाउँपालिकाले भने सशर्त अनुदान नै पाएनन् ।

***यस्त छन् छानबिन समितिका सुझाव***

१. अर्थ मन्त्रालयले अनुदान वितरणको लागि तर्जुमा गरेको विशेष अनुदानसम्बन्धी कार्यविधि र सशर्त अनुदानसम्बन्धी कार्यविधिको उल्लंघन आफैंले गरेको देखियो । तसर्थ प्रदेश सरकारले स्थानीय तहलाई प्रदान गर्ने कुनै पनि अनुदान आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको समयमा बजेट पुस्तिकामा नै समावेश गरी प्रदेश सभाबाट स्वीकृत गराउँदा उपयुक्त हुने देखिन्छ । २. सशर्त अनुदान वितरणमा प्रदेश सरकारबाट स्थानीय तहहरूलाई असन्तुलित रकम हस्तान्तरण गर्नुले वित्तीय संघीयता कमजोर हुनका साथै प्रदेशका स्थानीय तहहरुको सन्तुलित एवं समन्यायिक विकासमा बाधा पुऱ्याएको देखिन्छ । त्यसैले प्रदेश सरकारले स्थानीय तहलाई सशर्त अनुदान हस्तान्तरण गर्दा प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ बमोजिम गराउँदा उपयुक्त हुने ।

३. स्थानीय तहहरुलाई प्रदान गरिएको सशर्त र विशेष अनुदान कार्यविधिलाई मिचेर तोकिएको रकमको सीमा भन्दा कम रकम विनियोजन गरेको देखियो । यसबाट आर्थिक सुशासन कमजोर हुने र प्रदेश सरकारको लगानीसमेत उपलब्धिमूलक नहुने देखिन्छ । तसर्थ कार्यविधिले तोकेको बजेट सीमाभित्र रहेर मात्र अनुदान उपलब्ध गराउँदा उपयुक्त हुने देखिन्छ । ४. कतिपय स्थानीय तहहरुले पत्र पठाएर सशर्त अनुदान माग गर्दा समेत अर्थ मन्त्रालयले सशर्त अनुदान उपलब्ध नगराएको र अन्य स्थानीय तह/पालिकाहरुले माग गरेको अनुदान कार्यक्रम/योजना भन्दा भिन्न शीर्षकमा अनुदान गएको देखिन्छ । तसर्थ, सबै स्थानीय तहहरुलाई समान रुपले अनुदान दिन उपयुक्त देखिन्छ ।

५. अर्थ मन्त्रालयले निर्णय नै नगरिकन सशर्त अनुदानको रकम कतिपय स्थानीय तहहरुमा पठाएको देखियो । साथै कतिपय स्थानीय तहहरुलाई निर्णय गरेका योजनाहरु समेत नपठाएको देखियो । यस्ता कार्यहरु आगामी दिनहरुमा नियन्त्रण गर्नुपर्ने आवश्यक छ । ६. आर्थिक वर्षको बीचमा नयाँ योजना तथा कार्यक्रम मन्त्रालयले स्वीकृत गरी थप बजेट माग गर्ने परिपाटी बजेटको सिद्धान्त विपरीत हुने देखिन्छ । संसदले अनुमति दिएको भन्दा फरक र नयाँ कार्यक्रम बजेट विनियोजन गर्नु कानुनी हिसाबले गलत हो । तसर्थ आर्थिक वर्षको बीचमा अति आवश्यक योजना तथा कार्यक्रम छनोट तथा बजेट विनियोजन गर्नुपर्दा प्रदेश सभाबाट स्वीकृत गराई कार्यान्वयन गर्दा उपयुक्त हुने देखिन्छ ।

७. आर्थिक वर्षको अन्तिम महिनामा समेत अर्थ मन्त्रालयले बजेट रकमान्तर गरेको देखियो । यसबाट सम्पादित कार्यको गुणस्तर नहुने र उपलब्धि समेत गुम्ने देखिन्छ । तसर्थ बजेट तर्जुमाकै चरणमा पर्याप्त ध्यान पुऱ्याई रकमान्तर गर्नुपर्ने अवस्था आउन नदिन र सार्वजनिक स्रोतको उपयोगिता र प्रतिफलका दृष्टिले रकमान्तर गर्ने औचित्यपूर्ण हुने ठहर गरी रकमान्तर गर्नुपर्ने भएमा दोस्रो र तेस्रो त्रैमासिकमा मात्र गर्ने गरी मापदण्ड बनाई कार्यान्वयन गर्दा उपयुक्त देखिन्छ ।

८. अर्थ विविधमा छुट्याएको रकम आकिस्मिक खर्चको लागि विनियोजन गरिएको हुन्छ । प्राकृतिक प्रकोप तथा आपतकालीन परिस्थितिमा सरकारले तत्कालै खर्च गर्नुपर्दा यस शीर्षकबाट खर्च गर्नुपर्ने हुन्छ । अर्थ विविध रकमान्तर गर्ने प्रयोजनको लागि बनाइएको अनुदान संकेत होइन । तसर्थ अर्थ विविधमा सीमित रकम विनियोजन गरी यसबाट रकमान्तरका आधार र सर्तहरु तोकिनुपर्ने देखिन्छ ।

९. आर्थिक वर्षको सुरुदेखि नै बजेट खर्च कार्यान्वयन नगर्ने तथा अन्तिम समयमा आएर उक्त विनियोजित बजेट अन्य शीर्षकमा रकमान्तर गरी खर्च गर्ने परिपाटी देखियो । यस्ता परिपाटीलाई अन्त्य गरिनुपर्छ ।

१०. मन्त्रालयहरुले आफ्नो अधिकार भन्दा बाहिर गएर प्रतिष्ठान आयोग र बोर्डहरुलाई रकम रकमान्तर गरी पठाएको देखियो । यसले ती स्वायत्त निकायहरुबाट प्रदेश सरकारको सञ्चित कोषबाट बाहिर गएर रकम खर्च हुने प्रवृत्ति बढेको र सो रकमको सदुपयोग हुने सम्भावना समेत कम देखिन्छ । तसर्थ यस्ता निकायहरुलाई बजेट तथा कार्यक्रममा समावेश हुने गरी मात्र अनुदान उपलब्ध गराउनुपर्ने ।

११. तत्कालीन उद्योग, पर्यटन तथा वन मन्त्रालयमा निजि सचिवालयको लेटर प्याड दुरुपयोग भएको पाइयो । साथै सोही पत्रको आधारमा मन्त्रालयले निर्णय समेत गरेको देखियो । यसरी लेटर प्याडको दुरुपयोग गर्नु/गराउनु गलत हो । तसर्थ यस्ता प्रवृत्ति र गलत कार्यलाई जिम्मेवार उत्तरदायी अधिकारीले नियन्त्रण गर्नुपर्छ ।

१२. अर्थ मन्त्रालयमा दर्ता नै नभइकन रकमान्तरसम्बन्धी निर्णय भएको पाइयो । साथै दर्ता हुनुअघिको मितिमा नै निर्णय समेत भएको देखियो । यो सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ को विपरीत हुने देखिँदा यस्ता कार्यहरुलाई अर्थ मन्त्रालयले गम्भीरतापूर्वक हेर्नुपर्ने देखिन्छ । १३. कानुनमा भएका सारभूत व्यवस्थालाई कार्यान्वयन गर्दा देखिएको प्रक्रियागत तथा विधिगत समस्याको सहजीकरणको लागि बाधा अडकाउ फुकाउने व्यवस्था राखिएको हुन्छ । बाधा अडकाउ फुकाउने अधिकार प्रयोग गर्दा सारभूत रूपमा व्यवस्थित रहेको अन्य व्यवस्था पनि विशेष सहयोग र सहायक हुने गरी गरिनुपर्दछ । कानुनमा उल्लेखित सारभूत व्यवस्थालाई असर हुने गरी यसको प्रयोग गरिनु हुदैन । अर्थात व्यवस्थित रहेको कानुनी व्यवस्था बाहेकको अवस्थामा देखापरेको प्रक्रियागत बाधाको बाधा अडकाउ फुकाउने कार्य बाहेकको कार्यमा यसको अभ्यास उपयुक्त मानिदैन । यसरी प्रक्रियागत विधिगत विशेष अडचनको पहिचान गरी सो प्रक्रियागत व्यवस्थालाई सम्बोधन गर्दै सारभूत व्यवस्थाको कार्यान्वयन गर्नु नै यसको उद्देश्य हो । सम्भवतः बाधा फुकाई निर्णय गर्ने परिपाटिको अभ्यास कमभन्दा कम प्रयोग गरिनुपर्छ ।

## सप्ताहिक राशिफल

**मेष :** रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्नेछ।
**वृष :** उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला।
**मिथुन :** बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुनेछ।
**कर्कट :** प्रेम र मित्रताको बन्धन कसिनेछ।
**सिंह :** परिवारजनको साथले उत्साह जगाउनेछ।
**कन्या :** अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ।
**तुला :** ब्यापार र पेसामा राम्रै फाइदा हुनेछ।
**वृश्चिक :** आफन्तसँग सुमधुर सम्बन्धका लागि ब्यवहारमा ध्यान पुऱ्याउनुहोला।
**धनु :** आलस्य गर्नाले काममा विलम्ब हुन सक्छ।
**मकर :** अरुको भरपर्दा लाभ उठाउन नसकिएला।
**कुम्भ :** प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ।
**मिन :** स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ।

# स्वास्थ्य चौकी निमार्णको लागि साढे ५ का जग्गा दान गर्ने तेली सम्मानित स्वार्गीय चुलाही साह तेलीको सपना साकार पार्ने पालिका अध्यक्ष कुर्मीको उद्घोष

***वीरगञ्ज पर्सा ।*** स्वास्थ्य चौकी निमार्णका लागि जग्गा दान गर्ने जग्गादातालाई बारामा सम्मान गरिएको छ । बाराको परवानीपुर गाउँपालिका वडा नम्बर २ रामपुर टोकनीको स्वास्थ्य चौकी निमार्णका लागि जग्गा दान गर्ने जग्गा दातालाई शुक्रबार एक कार्यक्रमका बीच सम्मान गरिएको हो। सोही वडाका समाजसेवी स्वर्गीय चुलाही साह तेलीले स्वास्थ्य चौकी निमार्णका लागि ६ का १० धुर जग्गा दान गरेका थिए । जग्गादाता चुलाही साह तेलीको बुहारी रामप्यारी साह तेलीसँगै उनका परिवारका सदस्यहरुलाई दोसल्ला र मालासहित सम्मान गरिएको हो । सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै गाँउपालिकाका अध्यक्ष रामक्षेत्री प्रसाद कुर्मीले जग्गादाताको परिवारप्रति आभार व्यक्त गरे। समाजसेवी र ठुला



गरी सबै वडाबासीमा स्वास्थ्य सेवाको पहुँच बढाउने धारणा राखे । जग्गादाताका परिवारप्रति कृतज्ञता ज्ञापन गर्दै वडाअध्यक्ष अंसारीले वडाको विकासमा स्वास्थ्य चौकीले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे सञ्चालनका लागि पनि पलिकाले आवश्यक पहल गर्ने उनको विश्वास छ । साथै चुलाही साहको परिवारले सहयोग गरेको करोडौं मूल्य बराबरको जग्गाको संरक्षण र सदुपयोग गर्ने जिम्मा पालिकाको भएको तेलीले सचेत



हृदय भएका व्यक्तिहरुकै सहयोग र शुभेच्छाका कारण पलिकालाई काम गर्न सहज भएको गाँउपालिका अध्यक्ष कुर्मीले बताए। सबै नागरिकलाई सहज रुपमा स्वास्थ्य सेवाको पुर्ती होस् भन्ने अभिप्रायले दिएको जग्गालाई सदुपयोग गर्ने स्वर्गीय चुलाही साह तेलीको सपनालाई साकार पार्ने कुर्मीको भनाई छ। स्वास्थ्य चौकीलाई आगामी दिनमा सेवा बिस्तार गर्दै लैजाने गरी पालिकाले आवश्यक बजेट बिनियोजन गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरेका छन् । वडा नम्बर २ का वडाअध्यक्ष महमदनुरुल होदा अंसारीले स्वास्थ्य चौकीलाई प्रभावकारी रुपमा सञ्चालन । समाजसेवी दाता परिवारबाट जग्गा पाए जस्तै पालिकाबाट आवश्यक बजेट दिलाई स्वास्थ्य चौकीको सेवा बिस्तार र अन्य पूर्वाधार निमार्णमा पलिकाबाट सहयोग पाउने आशा पनि उनले राखेका छन्। स्थानीय बिन्दु साह तेलीले जग्गादाता स्वर्गीय चुलाही साह तेलीको स्वभावका बारेमा प्रकाश पार्दै उनले सामाजिक कार्यमा गरेका कामको स्मरण गरे । पञ्चायती व्यवस्थामा समेत अहिलेको स्वास्थ्य चौकी रहेको ठाँउबाट १२ वटा पञ्चायतका बासिन्दाले स्वास्थ्य सेवा लिने गरेको उनले जानकारी गराए । निमार्ण सम्पन्न भएको बर्थिङ् सेन्टर गराए । सम्मान कार्यक्रमसँगै पूजापाठ गरेर नवनिर्मित रामपुर स्वास्थ्य चौकी भवनबाट सेवा शुभारम्भ गरिएको छ । भवनको यसअघि गत असार १० गते उद्धघाटन गरिएको थियो । शुक्रबार भएको जग्गादाता सम्मान कार्यक्रममा पलिकाकी उपाध्यक्ष सुगन्धि देवी कनुईन, गाँउपालिकाका प्रमुख प्रशासकिय अधिकृत प्राण मेहता, समाजसेवी उमेश प्रसाद गुप्ता, वडा नम्बर ३ का वडाअध्यक्ष ईब्राहिम मिया धोबी, वडा नम्बर ५ का वडाअध्यक्ष रामेश्वर साह कलवार, लगायत जनप्रतिनीधिसँगै कर्मचारीहरुको उल्लेख्य उपस्थिती रहेको थियो ।

# मुख्यमन्त्री बनेर आउँछु भन्थे, मन्त्री चाहिं भए

***सुर्खेत ।*** २०७९ मंसिरको आम निर्वाचनमा प्रदेश सभा सदस्यको उम्मेदवार बनेका नेपाली कांग्रेस नेता राजीवबिक्रम शाहले जाजरकोटीलाई भन्थे, 'मलाई जिताएर पठाउनुहोस्, मुख्यमन्त्री बनेर आउँछु ।'

आफ्नै दल कांग्रेसका उपसभापति पूर्णबहादुर खड्कादेखि गठबन्धनमा रहेको अर्को दल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले समेत मुख्यमन्त्री बनाउने आश्वासन दिएका थिए । त्यसैले राजीवले मुख्यमन्त्रीलाई चुनावी सभामा प्रमुख एजेन्डा बनाए। आफ्नो क्षेत्रमा त्यसरी नै भोट मागे।

प्रदेशसभामा कांग्रेसबाट उम्मेदवार बनेका अधिकांशलाई धेरथोर आर्थिक सहयोग गरे । माओवादीसँग गठबन्धन गरेको कांग्रेसले प्रत्यक्षतर्फ ९ सिट जित्यो भने समानुपातिकतर्फ ५ सिट पाएको कांग्रेस १४ सांसदसहित कर्णाली प्रदेशसभाको ठूलो दल बन्यो।

कर्णाली प्रदेशसभामा पूर्वमुख्यमन्त्री जीवनबहादुर शाही पनि चुनिएर आएका थिए । त्यसैले मुख्यमन्त्री बन्नुपूर्व राजीवले उनीसँग संसदीय दलको चुनावमा प्रतिस्पर्धा गर्नुपर्ने भयो।

राजीवले चुनाव लड्ने घोषणा पनि गरे। तर उनले प्रस्तावक र समर्थक समेत पाएनन्।

जीवन र राजीव दुवै जना संस्थापन पक्षकै नेता हुन्। कर्णालीमा कांग्रेसको संस्थापन इतर पक्षको उपस्थिति निकै कमजोर छ । १४ सांसदमध्ये ११ जना सांसद संस्थापन पक्षमा छन् भने तीन जना संस्थापन इतरका हुन् । संस्थापन इतरका तीन जनाले राजीवलाई साथ दिने वाचा गरेका थिए । संस्थापन पक्षका केही सांसदको साथ लिएर दलको नेता बन्ने राजीवको दाउ थियो।

तर उम्मेदवारी दिने दिन तर ८ पुस २०७९ मा प्रस्तावक र समर्थकसमेत नपाएपछि संसदीय दलको नेतामा जीवनबहादुर शाहहीलाई समर्थन गर्न बाध्य भए। समर्थन गर्दा उनलाई लागेको हुनसक्थ्यो, भोलि सरकारमा जाने बेला सहज होला।

तर संसदीय दलका नेता शाहीले त्यसो गरेनन् । केन्द्रमा गठबन्धन फेरिएपछि राजकुमार शर्मा नेतृत्वको माओवादी सरकारमा कांग्रेस सहभागी हुने भयो। पार्टी केन्द्रीय सदस्यसमेत रहेका राजीव वरियतामा जीवन पछिका सिनियर नेता हुन् । त्यसैले उनले सरकारमा पार्टीको नेतृत्व गर्न चाहे।

तर संसदीय दलका नेता जीवनले भने जाजरकोटकै अर्का सांसद वेदराज सिंहलाई अर्थमन्त्री बनाउन सिफारिस गरे । कांग्रेस सभापति शेरबहादुर देउवा पत्नी आरजु राणा देउवा निकट रहेका राजीवले केन्द्रमा गुहार लगाए । सभापति देउवाले तत्कालीन मुख्यमन्त्री शर्मालाई नै फोन गरेर शपथ रोक्न लगाए।

एक दिनलाई मन्त्रीहरुको शपथ पनि रोकियो। तर संसदीय दलका नेता जीवन टसकामस भएनन् । बरु 'कि मलाई नै दलको नेताबाट हटाउनुहोस्। होइन भने मेरो निर्णयलाई मान्नुस्' भन्ने अडान लिएपछि मन्त्रीहरुले शपथ लिए।

त्यस घटनाबाट बिरक्तिएका प्रदेश सांसद राजीव ३-४ महिना कर्णालीमै आएनन्, काठमाडौं बसे। ४ साउन २०८० भएको कांग्रेस केन्द्रीय समितिको बैठकमा समेत शाहले संसदीय दलको नेतामा प्रतिस्पर्धा गर्छु भनेकै कारण नेताहरुले आफूलाई गलत व्यवहार गरेको बताए । उनले भनेका थिए, 'लोकतान्त्रिक पार्टीमा प्रतिस्पर्धा गर्छु भनेर मैले चाहना राख्नु के अपराध थियो ?'

***फेरियो अवस्था***

कांग्रेस सत्ताबाट हटेर प्रतिपक्षमा पुगेपछि भने राजीवले संसदीय दलका नेता शाहीसँग सम्बन्ध सुधारका लागि प्रयास थाले। 'राजीव दाइले जीवन दाइलाई नेता मानेर जान कुनै समस्या छैन भनेपछि परिस्थिति बदलिएको हो', कांग्रेसका एक सांसदले भने।

१७ असारमा कांग्रेस र एमालेबीच केन्द्रमा नयाँ समीरकण बन्यो। दुई दलबीच कर्णालीमा एमाले संसदीय दलका नेता यमलाल कँडेल नेतृत्वको सरकारलाई नै निरन्तरता दिने सहमति भयो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेका कारण संसदीय दलका नेता शाही गत चैतदेखि निलम्बनमा छन्।

राजीवले मन्त्री बन्न लबिइङ गरे। एक साताअघि उनले उपसभापति खड्का र नेता शाहीलाई भेटेका थिए । खड्का र शाही दुबै सकारात्मक भएपछि राजीवकै नेतृत्वमा कांग्रेस आइतबार कर्णाली सरकारमा सहभागी भएको छ। बाँकी ५ पृष्ठमा


## डेंगीबाट कसरी बच्ने ?

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:

- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं ।
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔं ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु समय समयमा सफा गरौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार

विज्ञापन बोर्ड


# वीरगञ्ज कपडा बैंक द्धारा घण्टाघरमा नि:शुल्क कपडा वितरण

***वीरगञ्ज ।*** वीरगञ्ज कपडा बैंकले वीरगञ्जको घण्टाघरमा नि:शुल्क कपडा वितरण गरेको छ । प्रत्येक दिन आइतबार देखि शुक्रबार सम्म बिहान १०:३० देखि ५ बजे सम्म आफनो कार्यालय वीरगञ्ज ८ बाट गरीब असहाय लाई नि:शुल्क कपडा उपलब्ध गराउदै आएको बैंकले शुक्रबार वीरगञ्जको घण्टाघरमा नयाँ पुरानो गरि करिब ६ सय ५० थान कपडा वितरण गरिएको कोषाध्यक्ष मनोज मिश्राले बताउनु भयो ।

सो अवसरमा प्रमुख अतिथि समाजसेवी अधिवक्ता कुर्मीले मानविय सेवाको कार्यहरुमा हामी सबैले आफनो आम्दानिको ५ प्रतिशत रकम दिन दुखी असहायको सेवा सहयोगमा दान सहयोग गर्नु पर्दछ जस्ले गर्दा मानवता बलियो हुन्छ किनभने मानवको सेवा नै सर्वोत्तम धर्म हो बताउदै मानवताको मर्म अनुरुप सेवा सहयोग गर्न आग्रह गरेका थिए ।



वीरगञ्ज कपडा बैंक अध्यक्ष लालबाबू सिंहको अध्यक्षता एवं संस्थाका संरक्षक वरिष्ठ समाजसेवी अधिवक्ता सुरेन्द्र प्रसाद कुर्मीको प्रमुख अतिथ्यमा सम्पन्न भएको कार्यक्रमको अतिथिहरु सल्लाहकार अधिवक्ता पन्नालाल गुप्ता, अधिवक्ता प्रकाश उपाध्याय, समाजसेवी गौरी गुप्ता, युवा समाजसेवी हुकुम सिंह राजपुत, सामुदायिक प्रहरी बाँकी ५ पृष्ठमा

स्वदेश तथा विदेशमा आफ्नो डकुमेन्ट तथा पार्सल पठाउनको लागि **साझा कुरियरलाई** सम्झनुहोस् । ठेगाना:- गुप्ता मार्केट आर्दशनगर सम्पर्क नं.:- ०५१-५२६८०९, मो.नं. ९८४४५४२६८५ DHL. ARAMEX, TNT, Feedex